कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# मन्दाकिनी हाइड्रोपावर लिमिटेड
# Mandakini Hydropower Limited

रजिष्ट्रार कार्यालय : सिनामंगल-०९, काठमाडौं ।
फोन नं. : ०१-४५६१५७४,०१-६९१५८३९
इमेल: mandakini.hydropower@gmail.com वेभसाईट: http://www.mandakinihydro.com.np

**को**

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

# विवरण-पत्र

कम्पनीले आफ्नो जारी पूँजी रु. ५८,८०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तीस हजार नौ सय मात्र) मध्ये १०% अर्थात् रु. ५,८८,०३,७००/- (अक्षरेपी पाँच करोड अठासी लाख तीन हजार सात सय मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ५,८८,०३७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २, ३ ,४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स, लाहाचोक गा.वि.स र धिताल गा.वि.स) का बासिन्दाहरुको लागि निष्काशन गरिएको र बाँकी २०% अर्थात् रु.११,७६,०७,३००/–(अक्षरेपी एघार करोड छयहत्तर लाख सात हजार तीन सय) रकम बराबरको रु.१००/- अंकित दरको ११,७६,०७३ कित्ता साधारण शेयर मध्ये ५% अर्थात् ५८,८०३ कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २% अर्थात् २३,५२१ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १०,९३,७४९ कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा भएको विवरण तथा विद्युत उत्पादन अनुमतीपत्रको आधारमा आयोजना प्रभावित क्षेत्र छुट्टाइएको हो।

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/७८ | आ.व.०७८/०७९ | आ.व. ७९/०८० | आ.व.०८०/८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८८ | ९८ | १०२ | १०९ | ११३ | ११७ |
| प्रति शेयर आम्दानी (रु.) | (०.६३) | ३.६३ | ३.६८ | ७.९१ | ३.५७ | ४.५६ |
| संचित नाफा/नोक्सान (रु.) | (२,०६,७६,३४५.०२) | (६६,८७,४७४.७७) | ८४,४२,७२२.६४ | ५,४९,७१,३८३.२० | ७,५९,७२,०३४.०८ | १०,२७,६१,७६३.७५ |

दरखास्त साथ प्रति साधारण शेयर रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।

### प्रति मेगावाट लागत सम्बन्धी विवरण

संगठित संस्थाको आ.व.२०७७/७८ को आषाढ मसान्त सम्मको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत लगभग रु.२० करोड ७७ लाख ५३ हजार अठसट्ठीमात्र रहेको छ। सार्दिखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४ मेगावाट रहेको र उक्त आयोजनाको आ.व.२०७७/७८ को आषाढ मसान्तसम्मको वित्तीय विवरण अनुसार कुल लागत रु. ८३,१०,१२,२७४.२४ रहेको छ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण

अनुमतिपत्र बहाल रहने अवधि मिति २१०५/०३/१२ सम्म रहेकोले २६ वर्ष ०१ महिना बाँकी रहेको छ।

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्था

**साधारणमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.२४ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३५ वर्ष रहेको छ।**

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग (८) (पृष्ठ संख्या १६ र १७ )** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिनु हुन सुझाव गरिन्छ।

### नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण:

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### इस्युअर रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल काठमाडौंले मिति २०७८/०६/१८ गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्ग को वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१७ गते सम्म रहनेछ। सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा २२ को (ट) (**पृष्ठ संख्या ३६**) मा उल्लेख गरिएको छ।

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तथा कर्मचारीहरुको लागि बिक्री वितरण गरेको शेयरका हकमा सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले ३ (तीन) वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।**

| | |
|---|---|
| विद्युत नियमनको पूर्व स्वीकृति प्राप्त भएको मिति: २०७८/०६/०६ | निष्काशन खुल्ला हुने मिति : २०७९/०३/०१ |
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति: २०७९/०२/१८ | निष्काशन बन्द हुने मिति (छिटोमा): २०७९/०३/१५ (बैंकिङ्ग समय पश्चात्) |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०७९/०२/१९ | निष्काशन बन्द हुने मिति (ढिलोमा): २०७९/०३/३० (बैंकिङ्ग समय पश्चात्) |

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

**ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क "**विवरणपत्र**" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) "**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**" भन्नाले बि.ओ.के.क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंलाई सम्झनु पर्दछ।

ग) "**धितोपत्र**" भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई जनाउँदछ।

घ) "**संगठित संस्था/कम्पनी**" भन्नाले निष्काशनकर्ता कम्पनी मन्दाकिनी हाइड्रोपावर लिमिटेडलाई सम्झनु पर्दछ।

ङ) "**संकलन केन्द्र**" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारामसाथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

च) "**निष्काशन बैंक**" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बैंकलाई सम्झनु पर्दछ।

छ) "**नियमन निकाय**" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत नियमन आयोग, उद्योग विभाग तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ।

ज) "**संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा ब्यवस्थापन**" भन्नाले मन्दाकिनी हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

झ) "**बोर्ड**" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ।

ञ) "**स्थानियवासी**" भन्नाले आयोजनाबाट प्रभावित भएको क्षेत्र (उद्योग प्रभावित क्षेत्र) अर्थात् कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकाको वडा नं. २, ३, ४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स, लाहाचोक गा.वि.स र धिताल गा.वि.स) मा स्थायी रुपमा बसोवास गर्ने नेपाली तथा यस कम्पनीले आव्हान पत्र प्रकाशित भएको मिति भन्दा अघिल्लो मितिसम्म सोही स्थानमा बँसाईसराई गरी आएका नेपाली नागरिक समेतलाई जनाउँछ।

ट) "**वित्तीय विवरण**" भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ।

ठ) "**प्रतिशेयर नेटवर्थ**" भन्नाले नेटवर्थलाई कम्पनी वा संस्थामा रहेको जम्मा शेयर संख्याले भाग गर्दा आउने प्रतिफल सम्झिनु पर्दछ

ड) "**प्रति शेयर आम्दानी**" भन्नाले कम्पनीले गरेको खुद आम्दानीलाई कायम रहेको शेयर संख्याले भाग गर्दा आउने मूल्यलाई सम्झनु पर्दछ।

ढ) "**साधारण लगानीमा फिर्ता हुने अवधि**" भन्नाले लगानीकर्ताहरुले लगानी गरेको लगानी फिर्ता हुने अवधि भन्ने बुझिन्छ।

ण) "**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि**" परियोजनाको लाभ निर्धारण गर्नको लागि गरिने एक पूँजी बजेट प्रक्रिया डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि हो। यो परियोजनाको सम्भाव्यता र नाफा मूल्याङ्कन गर्न प्रयोग गरिन्छ।

**ख.२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउने स्थान :**

**विवरणपत्र पाइने स्थानहरुः**

| सि.नं. | विवरणपत्र पाइने स्थानहरु |
|---|---|
| १. | बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल काठमाडौं। |
| २. | मन्दाकिनी हाइड्रोपावर लिमिटेडको रजिष्ट्रार कार्यालय सिनामंगल काठमाडौं |

साथै, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.bokcapital.com.np तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.mandakinihydro.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

**सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

**आयोजना प्रभावित क्षेत्रका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

| सि.नं. | संकलन केन्द्रको नाम र ठेगानाः | सि.नं. | संकलन केन्द्रको नाम र ठेगानाः |
|---|---|---|---|
| १. | मन्दाकिनी हाइड्रोपावर लिमिटेडको रजिष्ट्रार कार्यालय, सिनामंगल, काठमाडौं।* | ५. | प्रभु बैंक लिमिटेड, माच्छापुच्छ्रे, कास्की। |
| २. | बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड. नक्साल, काठमाडौं।* | ६. | कामना सेवा विकास बैंक लिमिटेड, पुरानचौर, कास्की। |
| ३. | पोखरा फाइनान्स कम्पनी लिमिटेड, लाहाचोक, कास्की। | ७. | नेपाल फाइनान्स लिमिटेड, माच्छापुच्छ्रे, कास्की। |
| ४. | प्राईम कमर्सियल बैंक लिमिटेड, लामाचौर कास्की। | | |

*** मन्दाकिनी हाइड्रोपावर लिमिटेड र बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडमा चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ।**

आवश्यकता अनुसार धितोपत्र बोर्डबाट स्वीकृति लिएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ।

साथै, नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासीहरुले स्वेच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्नेछन्।

**दरखास्त फाराम प्राप्त गर्नका लागि रु.२/–(दुई रुपैयाँ) प्रति दरखास्त शुल्क बुझाउनु पर्नेछ।**

## ग

### ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारीहरु तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ग.२.संगठित संस्थाको उद्घोषण :

#### ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

#### ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस मन्दाकिनी हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

#### ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, विद्युत नियमन आयोग र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । आ.व.०७७/०७८ सम्मको विवरणहरु पेश गरेको हुनाले कम्पनी अद्यावधिक रहेको व्यहोरा मिति ०३/११/२०७८ मा कम्पनी रजिष्ट्रारले पत्र मार्फत स्वीकृति प्रदान गरेको छ ।

#### ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख छैनन्
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

### ग.३.संगठित संस्था सम्बन्धी जानकारी :

#### ग.३.क.संगठित संस्थाको पृष्ठभूमि

**क) संगठित संस्थाको नाम :**

मन्दाकिनी हाइड्रोपावर लिमिटेड (Mandakini Hydropower Limited)

**ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :**

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ साल कार्तिक २६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७१ साल आषाढ ३१ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

**ग) संस्थाको रजिष्टर्ड ठेगाना :**
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ०९, सिनामंगलमा रहेको छ। आवश्यकतानुसार स्वीकृति लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ।

**घ) कारोवार गर्ने मुख्य स्थान :**
यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २ (साविक सार्दिखोला गा.वि.स.) स्थित सार्दिखोलामा रहेको छ।

**ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहीचान गरी संभाव्यता अध्ययन, निर्माण र सञ्चालन गर्ने अभिप्रायले मन्दाकिनी हाइड्रोपावर लिमिटेडले प्रचलित कानुन बमोजिम २०६४ साल कार्तिक २६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७१ साल आषाढ ३१ गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ।
२. कम्पनीले सार्दिखोला जलविद्युत आयोजना (४ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति वि.स.२०७०/०३/१३ गते प्राप्त गरेको र उक्त अनुमति पत्र २१०५/०३/१२ गतेसम्म बहाल रहेको छ।
३. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ७०% शेयर संस्थापकका लागि, १०% उद्योग प्रभावित क्षेत्र माछापुच्छ्रे गाउँपालिका वार्ड नं २, ३, ४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स, लाहाचोक गा.वि.स र धिताल गा.वि.स) का लागि तथा २०% शेयर सर्वसाधारणका लाई छुट्याइएको छ। यसरी छुट्याइएको मध्ये प्रभावित क्षेत्रबाट माग बमोजिम दरखास्त प्राप्त नभएमा सर्वसाधारणमा थप गरी शेयर निष्काशन गरिनेछ।
४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २ (साविक सार्दिखोला गा.वि.स.) अन्तर्गत सार्दिखोला जलविद्युत आयोजना (४ मेगावाट) विद्युत निर्माण कार्य सम्पन्न भई यस कम्पनीले मिति २०७४/०८/२३ गतेदेखि विद्युत उत्पादन गरी पूर्ण सञ्चालनमा आइसकेको छ।
५. ४ मेगावाट क्षमताको यस आयोजनाको आ.व. २०७७/०७८ सम्म कुल लागत रु. ८३ करोड १० लाख १२ हजार मात्र रहेको छ र यसको साधारणमा लगानी फिर्ता हुने अवधी (Normal Payback Period ) ९.२४ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Payback Period) १३.३५ वर्ष रहेको छ।
६. सार्दिखोला जलविद्युत आयोजनवाट उत्पादन गरिएको सबै विद्युतशक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरणबीच २०७० साल आषाढ १३ गते ४ मेगावाट क्षमता विद्युत खरीद/बिक्री सम्झौता सम्पन्न भईसकेको छ।
७. संगठित संस्थाका सार्दि खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

**विद्युत परियोजनाको नाम :** सार्दिखोला जलविद्युत आयोजना।

**विद्युत गृह स्थल :** कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २ (साविक सार्दिखोला गा.वि.स.) स्थित सार्दिखालाको दोभान।

| | |
|---|---|
| **श्रोत नदी** | : सार्दि खोलाको पानी। |
| **आयोजनाको किसिम** | : रन अफ रिभर |
| **विद्युत उत्पादन अनुमति प्राप्त मिति** | : २०७०/०३/१३ |
| **विद्युत उत्पादन अनुमति वहाल रहने मिति** | : २१०५/०३/१२ |
| **जडित क्षमता** | : ४ मे.वा |
| **आयोजनाको कुल लागत** | : रु. ८३ करोड १० लाख १२ हजार मात्र। |
| **आयोजनाको प्रति मेगावाट लागत** | : रु.२० करोड ७७ लाख मात्र। |
| **आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि** | : ९.२४ वर्ष। |
| **आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि** | : १३.३५ वर्ष। |
| **Internal rate of return of Project (IRR)** | : ९.३४ |
| **Net present value (NPV)** | : ९,२२,०३,४९९.४९ |

आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार बर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ९.२४ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३५ वर्ष र Internal Rate of Return ९.३४ प्रतिशत र Net Present Value (NPV): ९,२२,०३,४९९.४९ रहने अनुमान रहेको छ। नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको पन्ध्र बर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको। NPV तथा IRR

गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ।

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना विधि तथा तरिका :

NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

where,

r = Discount rate

t = Number of time periods

2. IRR= $\frac{Ct - C0}{(1+r)t}$

where,

Ct = Net cash inflow during the period t

C0= Total initial investment costs

r = Discount rate

t = Number of time periods,

आयोजनाको को (IRR) गणना बिधि देहाय बमोजिम गरिएको छ।

| क्र.सं. | आ.व. | लगानी | खुद मुनाफा | ह्राषकट्टी व्याज तथा परिशोधन | वार्षिक नगद प्रवाह | IRR |
|---|---|---|---|---|---|---|
| | | (८३,१०,१२,२७४.२४) | | | (८३,१०,१२,२७४.२४) | |
| १ | ०७५/०७६ | | (१०,८७,७०५.५५) | ७,८२,६०,७०७.५३ | ७,७१,७३,००१.९८ | |
| २ | ०७६/०७७ | | १,३९,८८,८७०.२५ | ७,३९,५९,४८८.७७ | ८,७९,४८,३५९.०२ | |
| ३ | ०७७/०७८ | | १,५१,३०,१९७.४१ | ६,३६,५८,९५६.४२ | ७,८७,८९,१५३.८३ | |
| ४ | ०७८/०७९ | | ४,६५,२८,६६०.५६ | ५,९०,५१,५०८.९६ | १०,५५,८०,१६९.५२ | |
| ५ | ०७९/०८० | (३५२,८६४,७०३.८०) | २,१०,००,६५०.८७ | ८,३६,४१,७४५.७५ | (२,४८२,२२,३०७.१७) | |
| ६ | ०८०/०८१ | | २,६७,८९,७२९.६७ | ७,६८,४८,६९२.१८ | १०,३६,३८,४२१.८५ | ९.३४% |
| ७ | ०८१/०८२ | | १०,७८,६१,१२६.३८ | ८,५६,३८,१०२.५० | १९,३४,९९,२२८.८८ | |
| ८ | ०८२/०८३ | | ११५,३३६,७४८.८४ | ७,८३,२८,९३८.१८ | १९,३६,६५,६८७.०२ | |
| ९ | ०८३/०८४ | | १२,२०,२३,५३५.०७ | ७,१०,२१,२३८.८५ | १९,३०,४४,७७३.९१ | |
| १० | ०८४/०८५ | | १२,१५,८९,९७७.१३ | ७,०४,५७,५३७.७५ | १९,२०,४७,५१४.८८ | |
| ११ | ०८५/०८६ | | १२,७८,७३,५९१.९४ | ६,२७,३५,७९१.७४ | १९,०६,०९,३८३.६७ | |
| १२ | ०८६/०८७ | | १३०,७५१,७२१.९८ | ५,७९,०३,३७९.९१ | १८,८६,५५,१०१.८९ | |
| १३ | ०८७/०८८ | | १२८,१७७,०५२.५१ | ५,४५,१८,६३३.८६ | १८,२६,९५,६८६.३७ | |
| १४ | ०८८/०८९ | | १२,४८,१७,६११.७६ | ५,११,०९,६९७.८१ | १७,५९,२७,३०९.५७ | |
| १५ | ०८९/०९० | | ११,२८,५१,७९०.०४ | ५,५३,७४,६८१.४१ | १६,८२,२६,४७१.४५ | |
| **Internal Rate of Return** | | | | | | ९.३४% |

आयोजनाको (NPV) को गणना देहाय बमोजिम गरिएको छ।

| क्र.सं. | आ.व. | लगानी | खुद मुनाफा | ह्राषकट्टी व्याज तथा परिशोधन | वार्षिक नगद प्रवाह | डिस्काउन्ट फ्याक्टर @ ८% | डिस्काउन्ट गरिएको खुद नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|
| | | (८३,१०,१२,२७४.२४) | | | (८३,१०,१२,२७४.२४) | १.०० | (८३,१०,१२,२७४.२४) |
| १ | ०७५/०७६ | | (१०,८७,७०५.५५) | ७,८२,६०,७०७.५३ | ७,७१,७३,००१.९८ | ०.९३ | ७,१४,५६,४८३.३१ |
| २ | ०७६/०७७ | | १,३९,८८,८७०.२५ | ७,३९,५९,४८८.७७ | ८,७९,४८,३५९.०२ | ०.८६ | ७,५४,०१,५४२.३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ०७७/०७८ | | १,५१,३०,१९७.४१ | ६,३६,५८,९५६.४२ | ७,८७,८९,१५३.८३ | ०.७९ | ६,२५,४५,३७०.५५ |
| ४ | ०७८/०७९ | | ४,६५,२८,६६०.५६ | ५,९०,५१,५०८.९६ | १०,५५,८०,१६९.५२ | ०.७४ | ७,७६,०४,५७६.४६ |
| ५ | ०७९/०८० | (३५,२८,६४,७०३.८०) | २,१०,००,६५०.८७ | ८,३६,४१,७४५.७५ | (२४,८२,२२,३०७.१७) | ०.६८ | (१६,८९,३५,९३१.३९) |
| ६ | ०८०/०८१ | | २,६७,८९,७२९.६७ | ७,६८,४८,६९२.१८ | १०,३६,३८,४२१.८५ | ०.६३ | ६,५३,०९,७८५.६३ |
| ७ | ०८१/०८२ | | १०,७८,६१,१२६.३८ | ८,५६,३८,१०२.५० | १,९३,४,९९,२२८.८८ | ०.५८ | ११,२९,०४,९४१.५४ |
| ८ | ०८२/०८३ | | ११,५३,३६,७४८.८४ | ७,८३,२८,९३८.१८ | १९,३६,६५,६८७.०२ | ०.५४ | १०,४६,३१,५४४.६९ |
| ९ | ०८३/०८४ | | १२,२०,२३,५३५.०७ | ७,१०,२१,२३८.८५ | १९,३०,४४,७७३.९१ | ०.५० | ९,६५,७०,४४८.७६ |
| १० | ०८४/०८५ | | १२,१५,८९,९७७.१३ | ७,०४,५७,५३७.७५ | १९,२०,४७,५१४.८८ | ०.४६ | ८,८९,५५,१५८.२९ |
| ११ | ०८५/०८६ | | १२७,८७३,५९१.९४ | ६२,७३५,७९१.७४ | १९०,६०९,३८३.६७ | ०.४३ | ८,१७,४९,०९७.४९ |
| १२ | ०८६/०८७ | | १३,०७,५१,७२१.९८ | ५,७९,०३,३७९.९१ | १८,८६,५५,१०१.८९ | ०.४० | ७,४९,१७,५३६.६० |
| १३ | ०८७/०८८ | | १२,८१,७७,०५२.५१ | ५,४५,१८,६३३.८६ | १८,२६,९५,६८६.३७ | ०.३७ | ६,७१,७६,८२४.७२ |
| १४ | ०८८/०८९ | | १२,४८,१७,६११.७६ | ५,११,०९,६९७.८१ | १७,५९,२७,३०९.५७ | ०.३४ | ५,९८,९६,३९५.०२ |
| १५ | ०८९/०९० | | ११,२८,५१,७९०.०४ | ५,५३,७४,६८१.४१ | १६,८२,२६,४७१.४५ | ०.३२ | ५,३०,३१,९९९.६८ |
| **NPV 8%** | | | | | | | ९,२२,०३,४९९.४९ |

आयोजनाको NPV तथा IRR गणनाका आधार तथा तरिका :

१. परियोजना निर्माण भएपछि हुने मर्मतको खर्च पुजिकरण गरिएको छैन।

२. IRR को गणनाको लागि लिइएको नगद प्रवाह अनुमानहरुमा निर्भर रहेको छ।

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधी गणना बिधि देहाय बमोजिम छ।

| क्र.सं. | आ.व. | लगानी | खुद मुनाफा | ह्राषकट्टी व्याज तथा परिशोधन | वार्षिक नगद प्रवाह | संचयी नगद प्रवाह | लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|---|---|---|
| | | (८३,१०,१२,२७४.२४) | | | (८३,१०,१२,२७४.२४) | (८३,१०,१२,२७४.२४) | |
| १ | ०७५/०७६ | | (१०,८७,७०५.५५) | ७,८२,६०,७०७.५३ | ७,७१,७३,००१.९८ | (७५,३८,३९,२७२.२६) | |
| २ | ०७६/०७७ | | १,३९,८८,८७०.२५ | ७,३९,५९,४८८.७७ | ८,७९,४८,३५९.०२ | (६६,५८,९०,९१३.२४) | |
| ३ | ०७७/०७८ | | १,५१,३०,१९७.४१ | ६,३६,५८,९५६.४२ | ७,८७,८९,१५३.८३ | (५८,७१,०१,७५९.४१) | |
| ४ | ०७८/०७९ | | ४६,५२८,६६०.५६ | ५९,०५१,५०८.९६ | १०५,५८०,१६९.५२ | (४,८१५,२१,५८९.८९) | |
| ५ | ०७९/०८० | (३५,२८,६४,७०३.८०) | २,१०,००,६५०.८७ | ८,३६,४१,७४५.७५ | (२४,८२,२२,३०७.१७) | (७२,९७,४३,८९७.०६) | |
| ६ | ०८०/०८१ | | २,६७,८९,७२९.६७ | ७,६८,४८,६९२.१८ | १०,३६,३८,४२१.८५ | (६२,६१,०५,४७५.२१) | |
| ७ | ०८१/०८२ | | १०,७८,६१,१२६.३८ | ८,५६,३८,१०२.५० | १९,३४,९९,२२८.८८ | (४३,२६,०६,२४६.३३) | |
| ८ | ०८२/०८३ | | ११,५३,३६,७४८.८४ | ७,८३,२८,९३८.१८ | १९,३६,६५,६८७.०२ | (२३,८९,४०,५५९.३२) | |
| ९ | ०८३/०८४ | | १२,२०,२३,५३५.०७ | ७,१०,२१,२३८.८५ | १९,३०,४४,७७३.९१ | (४,५८,९५,७८५.४०) | |
| १० | ०८४/०८५ | | १२,१५,८९,९७७.१३ | ७,०४,५७,५३७.७५ | १९,२०,४७,५१४.८८ | १४,६१,५१,७२९.४८ | ९.२४ |
| ११ | ०८५/०८६ | | १२,७८,७३,५९१.९४ | ६,२७,३५,७९१.७४ | १९,०६,०९,३८३.६७ | ३३,६७,६१,११३.१५ | |
| १२ | ०८६/०८७ | | १३,०७,५१,७२१.९८ | ५,७९,०३,३७९.९१ | १८,८६,५५,१०१.८९ | ५२,५४,१६,२१५.०४ | |
| १३ | ०८७/०८८ | | १२,८१,७७,०५२.५१ | ५,४५,१८,६३३.८६ | १८,२६,९५,६८६.३७ | ७०,८१,११,९०१.४१ | |
| १४ | ०८८/०८९ | | १२,४८,१७,६११.७६ | ५,११,०९,६९७.८१ | १७,५९,२७,३०९.५७ | ८८,४०,३९,२१०.९८ | |
| १५ | ०८९/०९० | | ११,२८,५१,७९०.०४ | ५,५३,७४,६८१.४१ | १६,८२,२६,४७१.४५ | १,०५,२२,६५,६८२.४३ | |

आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि गणना बिधि देहाय बमोजिम छ।

| क्र.सं. | आ.व. | लगानी | खुद मुनाफा | ह्राषकट्टी व्याज तथा परिशोधन | वार्षिक नगद प्रवाह | डिस्काउन्ट फ्याक्टर @ ८% | डिस्काउन्ट गरिएको खुद नगद प्रवाह | संचयी नगद प्रवाह | लगानी फिर्ता हुने अवधी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | (८३,१०,१२,२७४.२४) | | | ८३,१०,१२,२७४.२४) | १.०० | (८३,१०,१२,२७४.२४) | (८३,१०,१२,२७४.२४) | |
| १ | ०७५/०७६ | | (१०,८७,७०५.५५) | ७,८२,६०,७०७.५३ | ७,७१,७३,००१.९८ | ०.९३ | ७,१४,५६,४८३.३१ | (७५,९५,५५,७९०.९३) | |
| २ | ०७६/०७७ | | ३९,८८,८७०.२५ | ७,३९,५९,४८८.७७ | ८,७९,४८,३५९.०२ | ०.८६ | ७,५४,०१,५४२.३७ | (६८,४१,५४,२४८.५६) | |
| ३ | ०७७/०७८ | | १,५१,३०,१९७.४१ | ६,३६,५८,९५६.४२ | ७,८७,८९,१५३.८३ | ०.७९ | ६,२५,४५,३७०.५५ | (६२,१६,०८,८७८.००) | |
| ४ | ०७८/०७९ | | ४६,५२८,६६०.५६ | ५९,०५१,५०८.९६ | १०५,५८०,१६९.५२ | ०.७४ | ७,७६,०४,५७६.४६ | (५४,४०,०४,३०१.५४) | |
| ५ | ०७९/०८० | (३५२,८६४,७०३.८०) | २,१०,००,६५०.८७ | ८,३६,४१,७४५.७५ | (२४,८२,२२,३०७.१७) | ०.६८ | (१६,८९,३५,९३१.३९) | (७१,२९,४०,२३२.९३) | |
| ६ | ०८०/०८१ | | २,६७,८९,७२९.६७ | ७,६८,४८,६९२.१८ | १०,३६,३८,४२१.८५ | ०.६३ | ६,५३,०९,७८५.६३ | (६४,७६,३०,४४७.३१) | |
| ७ | ०८१/०८२ | | १०,७८,६१,१२६.३८ | ८,५६,३८,१०२.५० | १९,३४,९९,२२८.८८ | ०.५८ | ११,२९,०४,९४१.५४ | (५३,४७,२५,५०५.७६) | |
| ८ | ०८२/०८३ | | १,१५३,३६,७४८.८४ | ७,८३,२८,९३८.१८ | १९,३६,६५,६८७.०२ | ०.५४ | १०,४६,३१,५४४.६९ | (४३,००,९३,९६१.०७) | |
| ९ | ०८३/०८४ | | १२,२०,२३,५३५.०७ | ७,१०,२१,२३८.८५ | १९,३०,४४,७७३.९१ | ०.५० | ९,६५,७०,४४८.७६ | (३३,३५,२३,५१२.३१) | |
| १० | ०८४/०८५ | | १२,१५,८९,९७७.१३ | ७,०४,५७,५३७.७५ | १९,२०,४७,५१४.८८ | ०.४६ | ८,८९,५५,१५८.२९ | (२४,४५,६८,३५४.०२) | |
| ११ | ०८५/०८६ | | १२,७८,७३,५९१.९४ | ६,२७,३५,७९१.७४ | १९,०६,०९,३८३.६७ | ०.४३ | ८,१७,४९,०९७.४९ | (१६,२८,१९,२५६.५३) | |
| १२ | ०८६/०८७ | | १३,०७,५१,७२१.९८ | ५,७९,०३,३७९.९१ | १८,८६,५५,१०१.८९ | ०.४० | ७,४९,१७,५३६.६० | (८,७९,०१,७१९.९३) | |
| १३ | ०८७/०८८ | | १२,८१,७७,०५२.५१ | ५,४५,१८,६३३.८६ | १८,२६,९५,६८६.३७ | ०.३७ | ६,७१,७६,८२४.७२ | (२,०७,२४,८९५.२१) | |
| १४ | ०८८/०८९ | | १२,४८,१७,६११.७६ | ५,११,०९,६९७.८१ | १७,५९,२७,३०९.५७ | ०.३४ | ५,९८,९६,३९५.०२ | ३,९१,७१,४९९.८१ | १३.३५ |
| १५ | ०८९/०९० | | ११,२८,५१,७९०.०४ | ५,५३,७४,६८१.४१ | १६,८२,२६,४७१.४५ | ०.३२ | ५,३०,३१,९९९.६८ | ९,२२,०३,४९९.४९ | |

९. **परियोजनाको हालको अवस्था :** सार्दि खोला जलविद्युत आयोजनाको १०० प्रतिशत कार्य सम्पन्न भईसकेको र कम्पनीले मिति २०७४/०८/२३ गतेदेखि विद्युत उत्पादन गरी पूर्ण सञ्चालनमा आइसकेको छ।

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्।

क. सार्दि खोला जलविद्युत आयोजनाबाट वार्षिक २,१८,१६,६९५ KWh (Kilo Watt) घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। सर्दिखोला जलविद्युत आयोजनामा वर्षा यामका आठ महिनाको लागि १८०,९३,८२१ kWh घण्टा र सुख्खा यामका चार महिनाका लागि ३७,२२,८७३ kwh घण्टा निर्धारण गरिएको छ।

**इनर्जी तालिका**

**PPA 4 MW**

| **Table I** | | | |
|---|---|---|---|
| स्थापना क्षमता (kW) | ४,००० | Rated Turbine Efficiency | ९० प्रतिशत |
| डिजाइन डिस्चाज (m3/s) | २.१४ | Rated Generator Efficiency | ९६ प्रतिशत |
| न्यूनतम रिलीज (m3/s) | ०.०६४ | Rated Transformer Efficiency | ९९ प्रतिशत |
| कुल Head (m) | २५१.०१ | Combined Efficiency | ८५.५९ प्रतिशत |
| Outage + Losses +Self Consumption (%) | | | ४ प्रतिशत |

**Table II**

| महिना | जम्मा दिन | विद्युत उत्पादनको लागि नदी (m3/sec) | विद्युत उत्पादनको लागि डिस्चार्ज (m3/sec) | Net Head (m) | औषत मासिक पावर (KW) | अधिकतम मासिक पावर (KW | Monthly Generation before Outage & Losses (kWh) | Outage Including Losses (kWh) | उर्जा सम्झौता (Kwh) | उर्जा सम्झौता ३५०० (Kwh) | थप उर्जा सम्झौता ५०० (Kwh) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | E | E1 | F | G | H=F-G | I | J |
| बैशाख | ३१ | ०.७५३ | ०.६८९ | २३८.७३ | १,३८० | २,०३८ | १०,२७,०५४ | ५१,३५३ | ९,७५,७०२ | ८,६६,७७१ | १,०८,९३१ |
| जेष्ठ | ३१ | १.२३१ | १.१६७ | २३७.०४ | २,३२२ | ३,९६० | १७,२७,२१८ | ८६,३६१ | १६,४०,८५७ | १४,७०,६१४ | १,७०,२४३ |
| आषाढ | ३२ | ६.४९३ | २.१४० | २३०.९० | ३,९६० | ३,९६० | ३,०१,२८० | १५,२०६४ | २,८९,२१६ | २५,०२,५२८ | ३६,६८८ |
| श्रावण | ३१ | ९.७५३ | २.१४० | २३०.९० | ३,९६० | ३९६० | २९,४६,२४० | १,४७,३१२ | २७,९८,९२८ | २४,२४,३२४ | ३,७४,६०४ |
| भाद्र | ३१ | ८.९५२ | २.१४० | २३०.९० | ३,९६० | ३९६० | २९,४६,२४० | १,४७,३१२ | २७,९८,९२८ | २४,२४,३२४ | ३७४६०४ |
| आश्विन | ३१ | ५.३९१ | २.१४० | २३०.९० | ३,९६० | ३,९६० | २९,४६,२४० | १,४७,३१२ | २७,९८,९२८ | २४,२४,३२४ | ३,७४,६०४ |
| कार्तिक | ३० | २.०७४ | २.०१० | २३१.९३ | ३,९११ | ३,९६० | २८,१५,९९७ | १,४०,८०० | २६,७५,१९७ | २३,४६,१२० | ३,२९,०७७ |
| मंसिर | २९ | १.२१७ | १.१५२ | २३७.१० | २,२९३ | ३,६७१ | १५,९५,८५८ | ७९,७९३ | १५,१६,०६५ | १३,४५,६२८ | १,७०,४३७ |
| पौष | ३० | ०.८७४ | ०.८०९ | २३८.३९ | १,६१९ | २,३१३ | ११,६५,६०१ | ५८,२८० | ११,०७,३२१ | ९,८३,५१५ | १,२३,८०६ |
| माघ | २९ | ०.७५३ | ०.६८९ | २३८.७३ | १,३८१ | २,०७८ | ९६०,९३३ | ४८,०४७ | ९१२,८८६ | ८०७,९९७ | १,०१,५१३ |
| फाल्गुण | ३० | ०.७२८ | ०.६६४ | २३८.८० | १३३० | २१०२ | ९५७३७९ | ४७,८६९ | ९०९,५१० | ८०७,९९७ | १०१,५१३ |
| चैत्र | ३० | ०.६४२ | ०.५७८ | २३९.०० | ११६० | २०२९ | ८३४९०२ | ४१,७४५ | ७९३,१५७ | ७०४,७०७ | ८८,४५० |
| **जम्मा** | **३६५** | **३.२४** | | | | | **२२९,६४,९४२** | **११,४८,२४७** | **२१,८१६,६९५** | **१,९१,११,८१९** | **२७,०४,८७५** |

नोटः१) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रायाक्ट इनर्जीले महिनाको वास्तविक दिन संख्यालाई गुणा गरी सो महिनाको कन्ट्रायाक्ट इनर्जी निर्धारण गरिनेछ।

२) सम्झौताको बुँदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन (COD) भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रायाक्ट इनर्जी (Total Contract Energy) परिवर्तन गर्न सकिनेछ।

| **Table III** | |
|---|---|
| सुख्खा यामको कूल इनर्जी (kWh) | ३७,२२,८७३ |
| बर्षा यामको कूल इनर्जी (kWh) | १८०,९३,८२१ |
| जम्मा (kWh) | २१८,१६,६९५ |

ख. कन्ट्रयाक्ट इनर्जीको वा Availability Declearation को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महीना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा कावु बाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतीपूर्ती स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ। क्षतिपूर्ति रकम रु.= (०.८ x सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने वढीमा कन्ट्र्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा – सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिददर; यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन। यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्न सक्नेछ।

ग. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (अक्षरेपि चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (अक्षरेपि आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागू हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ पटक सम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ।

**४ मे.वा. क्षमतामा प्राप्त भएको मूल्य वृद्धि**

| **अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि** | **सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)** | **वर्षा याम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौताको अवधि सम्म | ९.६६ | ५.५२ |

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृति लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) जलविद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी उपयुक्त विविध मोडलहरु अपनाई नेपालका विभिन्न भागमा रहेका नदि खोला नाला तालहरुबाट निजी क्षेत्रमा आवश्यकता अनुसार पावर हाउस प्रशारण तथा वितरण लाइन निर्माण गर्ने र संचालन गर्ने।

(ख) विद्युत उर्जाको आवश्यकता अनुसार नेपालभर जलविद्युत बाहेक अन्य सौर्य वायु तापीय आदी स्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरी प्रसारण तथा विक्री वितरण गर्ने।

(ग) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने नयाँ नयाँ जलविद्युत आयोजनाहरुको सर्वेक्षण अन्वेषण अध्ययन अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रको विकास गर्ने गराउने।

(घ) जलविद्युत र उर्जा विकास गर्ने शिलशिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखि वातावरण अनुसन्धान र विनासलाई रोकथाम गर्ने उपाय अबलम्वन गर्ने।

(ङ) साना, मझौला र ठुला जलविद्युत आयोजनासँग समन्वय गरी विविध उपाय अपनाई विद्युत आपूर्ति तथा विवरण गर्ने।

(च) जलविद्युत तथा शहरी विकास तथा सिभिल आयोजनाहरुको पूर्व सम्भाव्यताको बृहत अध्ययन विकास तथा निर्माण गर्ने

(छ) साना तथा मझौला विद्युत आयोजनाहरुको निर्माण र वातावरण सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पश्चात् त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ।

**आयोजनाको विभिन्न कार्यहरुको कार्यप्रगति विवरण निम्नानुसार रहेको छ :**

| **सि.नं.** | **विवरण** | **कार्य प्रगति** | **प्रगति विवरण प्रतिशतमा** |
|---|---|---|---|
| १ | **आधारभूत निर्माण कार्य** | | १०० |
| | प्रवेश मार्ग | सम्पन्न। | |
| | सिभिल संरचना | सम्पन्न। | |
| २ | **सिभिल कार्यहरु** | | १०० |
| | हेड कार्यहरु | सम्पन्न। | |
| | पेनस्टक र पावर हाउसका कार्यहरु | सम्पन्न। | |
| | क्रेन स्थापित र फ्रेम संरचनाका कार्यहरु | सम्पन्न। | |

| | | | |
|---|---|---|---|
| ३ | **भूमिगत टनेल कार्यहरु** | | १०० |
| | टनेल | सम्पन्न । | |
| | हेडरेस टनेल | सम्पन्न । | |
| ४ | **हाइड्रो मेकानिकल कार्य** | | १०० |
| | हेड वर्कस् | सम्पन्न । | |
| | एबि देखि पावर हाउस | सम्पन्न । | |
| | हेरेस पाइप | सम्पन्न । | |
| | र्सज साफ्ट् | सम्पन्न । | |
| ५ | **इलेक्ट्रोमेकानिकल कार्य** | | १०० |
| | मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी | सम्पन्न । | |
| | मेशिन तथा उपकरण जडान | सम्पन्न । | १०० |
| | क्रेन जडान | सम्पन्न । | |
| ६ | **वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धित र विविध कार्यहरु** | **सम्पन्न ।** | १०० |
| | **आयोजनाहरुको कूल प्रगति प्रतिशतमा जम्मा** | | १०० |
| | **व्यवसायिक उत्पादन सुरुगर्नुपर्ने मिति (RCOD)** | २०७३/०४/१६ | |
| | **व्यवसायिक उत्पादन सुरु भएको मिति (COD)** | २०७४/०८/२३ | |

**समग्रमा आयोजनाको कार्य प्रगति १०० प्रतिशत सम्पन्न भइसकेको र मिति** २०७४/०८/२३ गतेदेखि विद्युत उत्पादन गरी पूर्ण सञ्चालनमा आइसकेको छ ।

**च)** **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश** (प्रतिशतमा) : सो नभएको ।

छ) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने** (लागू हुने हदसम्म) :

१) **कम्पनीले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : जलविद्युत आयोजनाको अध्ययन, निर्माण, प्रसारण, संचालन र व्यवस्थापन गर्ने ।

२) **प्रयोग भएको वा गरिने विधिः** जलस्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकारः** सो नभएको ।

४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्न सम्झौता गरिएको र भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपाल विद्युत प्राधिकरण वा अन्य विधिवत रुपमा स्थापित हुने कुनै पनि सक्षम निकायहरु मार्फत नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार बिस्तार गर्न सकिनेछ ।

५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः** विद्युत खरीद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद सम्झौतामा भएको मुख्य मुख्य बुँदाहरु :

क) नेपाल विद्युत प्राधिकरणसंग आयोजना संचालनको सहजताका लागि समन्वय समिति गठनगरी कार्यगर्ने ।

ख) सार्दिखोला जलविद्युत आयोजनाको विद्युत खरीद/बिक्री दर विद्युत खरीद बिक्री सम्झौताको बर्षामा ४.८० रुपैयाँ र हिउँदमा ८.४० रुपैयाँ कायम भएको छ ।

ग) कम्पनीको कन्ट्र्याक इनर्जी वार्षिक सर्दिखोला जलविद्युत आयोजनाबाट वार्षिक २१८,१६,६९५ घण्टा रहेको छ ।

७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : सर्दिखोला जलविद्युत आयोजना (४ मेगावाट) क्षमताको जलविद्युत केन्द्र निर्माण कार्य सम्पन्न भई विद्युत उत्पादन समेत भई सकेको छ ।

८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः** सर्दिखोलाबाट प्राकृतिक बहावमा आधारित पानी ।

९) **गुण नियन्त्रणका लागि गरिएको व्यवस्थाः** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको छ । यस आयोजनाको सम्पूर्ण संरचना जस्तैः हाइड्रो मेकानिकल ईक्वीपमेन्ट, ईलेक्ट्रो मेकानिकल

ईक्वीपमेन्ट, हेडवर्क, पावरहाउस, ट्रान्समिसन लाईन, मेसिनरी ब्रेकडाउन, नाफा नोक्सान लगायतका कुरालाई मध्यनजर गरी बिमा गरिएको र गरिने छ साथै मर्मत सम्भारका लागि पनि सोही अनुसार व्यवस्थापन गरिएको छ।

१०) **अनुसन्धान तथा विकास** : नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ।

११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्नेगरी भएको बाधा, व्यवधान** : सो नभएको।

१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको।

१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : यस कम्पनीबाट उत्पादित विद्युत एकमात्र विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहेको छ। सार्दिखोला जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको केही अंशलाईमात्र परिपूर्ति गर्नेछ। साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या रहेको देखिदैन। जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ।

१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** : कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच विद्युत खरीद बिक्री सम्झौता भएको हुँदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ।

१५) **प्रमुख सप्लायरसहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण:** सो नभएको

**ग.३.ख.सम्पत्तिको विवरण :**

क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था** : कम्पनीको स्वामित्वमा रहेको सर्दिखोला जलविद्युत आयोजनामा जडान भएको प्लान्ट तथा उपकरणहरु कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २, (साविक सार्दिखोला गा.वि.स) मा रहेको विद्युत गृह र सव स्टेसनमा जडान भई सञ्चालनमा आएको छ। उक्त आयोजनाका सिभिल संरचना, हाइड्रो मेकानिकल ईक्वीपमेन्ट र ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्ट कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका वार्ड नं २ (साविक सार्दिखोला गाविस) मा रहेका छन्। हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेख गरिएको छ।

| क्र.सं | विवरण | २०७८ आषाढ मसान्त सम्मको मूल्य | उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान | अवस्था |
|---|---|---|---|---|
| | ह्रासकट्टी नहुने सम्पत्ति | | | |
| १ | जग्गा जमिन | १५,८७,५००.०० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | **जम्मा ह्रासकट्टी नहुने सम्पत्ति** | **१५,८७,५००.००** | | |
| | ह्रासकट्टी हुने सम्पत्ति | | | |
| | ब्लक (A) | | | |
| २. | कर्मचारी वासस्थान | ३९,४८,२८८.७३ | आयोजना निर्माण स्थल | बस्न योग्य |
| | **जम्मा ब्लक (A)** | **३९,४८,२८८.७३** | | |
| | ब्लक (B) | | | |
| ३. | फर्निचर एण्ड फिक्सर | १,०४,०८९.५२ | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| ४ | कुर्सी | १२५८५.०० | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| ५ | पुस्तकहरु | – | | |
| ६. | गोयन्का एलईडी टेलिभिजन | ११,२५० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ७ | कम्प्युटर तथा प्रिन्टर | ५२,५३९.८० | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| ८ | हिटर | ३,३०४.३१ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ९ | हुवावे हुनर होली | २,४९१.७० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १० | हुवावे हुनर 3C | ४,१८२.५० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ११ | इनभर्टर | १३,२०५.१२ | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |

| | | | | |
|---|---|---|---|---|
| १२ | ल्यापटप | २२,६६३.०० | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| १३ | नेटवर्किङ्ग र पावर वायरिङ्ग | १०,१०५.१३ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १४ | सोलार | ४,००४.५२ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १५ | सोनी क्यामेरा | २,२६९.२२ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १६ | फ्यान | ६९३.७६ | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| १७ | एसुदा एलईडी टेलिभिजन | ४,१८४.६० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १८ | स्टिल लकर | ४,०५६.९६ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| १९ | लिफर 5 लि. हटपट | ३,१५०.०० | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| २० | वाकी टकी | ६१,७३५.०८ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २१ | अफिस इक्युपमेन्ट (EIL) | ५९८,७२.६९ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २२ | सूचना पाटी | – | | |
| | **जम्मा ब्लक (B)** | **३७६,३८३.२७** | | |
| २३ | ब्लक (C) | | | |
| २४ | अटोमोबाइल | १८,४७,२१८.९४ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | बजाज पल्सर १५० सिसि | १६३,७७६.०० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | **जम्मा ब्लक (C)** | **२०,१०,९९४.९४** | | |
| | ब्लक (D) | | | |
| २५ | परियोजना कार्य | | | |
| २४ | सिभिल स्ट्रक्चर | ३६५५४०४७८.६४ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २५ | हाइड्रो मेकानिकल | १७,२९,३१,४२०.६८ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २६ | सडक पूर्वाधार | १,८४,५८,०८३.८५ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २७ | प्लान्ट एण्ड मेकानिकल | १५,१९,२९,५४७.२८ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २८ | सवस्टेसन | ६५,१९,३९९.१८ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| २९ | ट्रान्समिसन लाइन | ४,३२,७७,६३७.६२ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | अन्य | ० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ३० | जेनेरेटर | ३,५६,१९२.५० | आयोजना निर्माण स्थल | चालू अवस्था |
| ३१ | वेल्डिङ्ग मेसिन | ४४,७४०.८५ | आयोजना निर्माण स्थल | चालू अवस्था |
| | **जम्मा ब्लक (D)** | **७५,९०,५७,५००.५८** | | |
| | ब्लक (E) | | | |
| ३२ | कम्प्युटर सफ्टवेयर | २४,२९३.३३ | प्रधान कार्यालय काठमाडौं | चालू अवस्था |
| | **जम्मा ब्लक (E)** | **२४,२९३.३३** | | |
| | **जम्मा सम्पत्ति** | **७६,७०,०४,९६०.८६** | | |

ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** : बुँदा (क) मा भएको सम्पत्ति आफ्नै भएको र लिजमा नलिएको । तथापी उत्पादन अनुमति पत्रको अवधि पश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरणः** कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजना सञ्चालन तथा निर्माणको लागि लिएको कर्जाको लागि एनएमबि बैंक लि.को अगुवाइमा बैंक अफ काठमाडू लि.र कुमारी बैंक लि. मा धितो बन्धक रहेको छ ।

घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सोको विवरणः** सो नभएको ।

ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : लागू नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**
कम्पनीले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन ।

- कम्पनीको मूख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने ।
- नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्ने ।
- कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशको जनताले हाल भोगिरहेको लोडसेडिङ्गको मारलाई केहि हदसम्म कम गर्न कम्पनी प्रतिबद्ध रहेको छ ।
- कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि ब्यवसायिक रुपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितीको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**
नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ । । देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरीदबिक्री सम्बन्धी सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ । जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके नेपाल लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिने संरचनाहरु निर्माण विकास हुँदै गरेको अवस्था छ । त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ । यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

**ग.३.घ.सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**
कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" संस्थापक शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| समुह "ख" सर्वसाधारण शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | २ जना |
| स्वतन्त्र सञ्चालक । | १ जना |
| **जम्मा** | **७ जना** |

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय ) कित्ता शेयर आफ्नो नाममा खरीदगरेको हुनु पर्नेछ तर सर्वसाधारण शेयरधनी स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधि संचालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

## ग.४.पूँजी संरचना सम्बन्धी जानकारी

**ग.४.क) पूँजीको संरचनाः**

१) **अधिकृत पूँजी (Authorised Capital):**
कम्पनीको अधिकृत पूँजी रु. ६५,००,००,०००/- (अक्षरेपी पैसठ्ठी करोड मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ६५,००,००० (पैसठ्ठीलाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२) **जारी पूँजी (Issued Capital):**
कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी ५८,८०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तिस हजार नौ सय मात्र) हुने छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ५८,८०,३६९ (अन्ठाउन्न लाख असी हजार तिन सय उनन्सत्तरी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३) **चुक्ता पूँजी (Paid up Capital):**
कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु.४१,१६,२५,९०० (अक्षरेपी एकचालीस करोड सोह्र लाख पच्चिस हजार नौ सय मात्र) रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुबाट रु.५,८८,०३,७००/- (अक्षरेपी पाँच करोड अठासी लाख तीन हजार सात सय मात्र) चुक्ता हुने र बाँकी रु.११,७६,०७,३००/–(अक्षरेपी एघार करोड छयहत्तर लाख सातहजार तिन सय मात्र) रकम बराबरको शेयर सार्वजनिक निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ५८,८०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तिस हजार नौ सय मात्र) हुनेछ ।

**ग.४.ख. साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :**

| समुह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चूक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनी | ४१,१६,२५९ | ७०% | ४१,१६,२५,९०० | शतप्रतिशत भूक्तानी भएको |
| (ख) | उद्योग प्रभावित क्षेत्रका बासिन्दा | ५,८८,०३७ | १०% | ५,८८,०३,७०० | निष्काशन पश्चात शतप्रतिशत भूक्तानी हुने |
| (ग) | सर्वसाधारणहरु (कर्मचारी समेत) | ११,७६,०७३ | २०% | ११,७६,०७,३०० | निष्काशन पश्चात शतप्रतिशत भूक्तानी हुने |
| | **जम्मा** | ५८,८०,३६९ | १००% | ५८,८०,३६,९०० | |

**ग.४.ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

## ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीको विवरणः**

| क्र.सं. | नाम, ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|
| १ | महेश बहादुर बस्नेत, धनकुटा गा.पा. २ धनकुटा संचालक | ६६ | नेपाली | १७,५६० | स्नातकोत्तर | पूर्व संयोजक : नेपाल विद्युत प्रधिकरणको विद्युत चुहावट नियन्त्रय समिति (२०५८ देखि २०५९) अध्यक्षः मन्दाकिनी हाईड्रोपावर लि. अध्यक्षः हाईड्रो इन्नोभेसन प्रा.लि | पूर्व अध्यक्षः बाग्मती सभ्यता एकिकृत विकासको उच्च शक्ती समिति , सञ्चालक : एसिया पावर ट्रेडिङ्ग कम्पनी । |
| २ | देब बहादुर गुरुङ्ग, पोखरा म.न.पा. १७ कास्की | ५१ | नेपाली | १,०४,१७२ | स्नातक | प्रवन्ध संचालक : मन्दाकिनी हाईड्रोपावर लि. | |
| ३ | हरी प्रसाद भट्ट, भिमसेन गा.पा ५ गोरखा, संचालक | ४८ | नेपाली | ४०,९९६ | स्नातकोत्तर | पूर्व प्रमुख कार्यकारी अधिकृतः आखुखोला हाइड्रो पावर लि., संस्थापक शेयरधनी : सिंगटी हाइड्रो इनर्जी लि.। | पूर्व अध्यक्षः जङ्गल वर्ड रिसोर्ट, पूर्व प्रवन्ध संचालक भिजन सफारी रिसोर्ट सौराहा, अध्यक्षः करुणा सोप एण्ड केमिकल इन्डष्ट्रीज, अध्यक्ष प्रिमिएर इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट प्रा.लि., |
| ४ | मोतिकला सुब्बा देवान, धरान उ.न.पा. १८ सुनसरी संचालक | ५६ | नेपाली | २५,०१२ | एमफिल, एलएलएम | संचालकः मन्दाकिनी हाईड्रोपावर लि.। | प्राध्यापकः त्रिभुवन युनिभर्सिटि, उप सभापती : यलम्बर रिसर्च फाउन्डेसन, प्रोफेसनल अनुबादक |
| ५ | शरद कुमार दहाल, मादि गा.पा.१, संखुवासभा संचालक | ५५ | नेपाली | ९३,१२४ | स्नातकोत्तर | संचालकः मन्दाकिनी हाईड्रोपावर लि.। | अध्यक्षः पिपलबोट क्याफे प्रा.लि. । पूर्व अध्यक्षः परिधि इन्भेष्टमेन्ट प्रा.लि. । प्रवन्ध संचालकः सुप्रिम डेस्टिनेसन टुर्स एण्ड ट्राभल प्रा.लि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | बिष्णु बहादुर तामाङ्ग, सुलीकोट गा.पा. ५ गोरखा संचालक | ५५ | नेपाली | १२४,३०९ | स्नातक | संचालक : मन्दाकिनी हाईड्रोपावर लि. | भुतपूर्व बृटिस आमी |
| ७ | राजेन्द्र गिरी काठमाडौं- ११ समिति मार्ग संस्थापक | ६२ | नेपाली | ८३,१७० | स्नातकोत्तर | पूर्व प्रवन्ध संचालक : मन्दाकिनी पहाईड्रोपावर लि.। | पूर्व संचालकः HUDEC प्रा.लि.। पूर्वअध्यक्षः डिएमआई प्रा.लि. । पूर्व क्षेत्रिय शहरी विकासको सह प्रशासन विशेषज्ञ : इआरएमसि प्रा.लि.। |
| ८ | केशव तुलाधर, काठमाडौं, नयाँ बजार | ५८ | नेपाली | ६४,००० | स्नातक | | प्रमुख कार्यकारी संचालक : देगाः बचत तथा ऋण सहकारी संस्था लि. । |
| ९ | सुरेश कुमार उपाध्याय, कोटेश्वर काठमाडौं। | | नेपाली | ६७,३६९ | स्नातकोत्तर | पूर्व संचालक मन्दाकिनी हाईड्रोपावर लि | प्रधानाध्यापक : कुमारी उच्च माध्यामिक विद्यालय बौद्ध। |
| १० | हरी कुमार श्रेष्ठ, पोखरा म.न.पा.९ कास्की | ६३ | नेपाली | १,६१,८०० | | | संचालक : गोर्खा सेक्यूरिटी सर्भिस लि. |
| ११ | विष्णु प्रसाद भण्डारी, पोखरा म.न.पा कास्की | ७२ | नेपाली | ७५,०६३ | प्रविणता प्रमाणपत्र | संस्थापक शेयरधनी भगवति हाइड्रोपावर। | अध्यक्षः एभरेष्ट इन इनभेष्टमेन्ट कम्पनी लि., एभरेष्ट कनेक्सन इनभेष्टमेन्ट कम्पनी लि.। |
| १२ | कृष्ण प्रसाद सिंखडा, गुम्दी ३ धादिङ्ग, चनौटे | ४४ | नेपाली | १,१९,६८५ | स्नातकोत्तर | | पूर्वप्रवन्ध संचालक : आर्या होटल एण्ड स्पा। प्रवन्ध निर्देशक : अटोपार्क जापान। |
| १३ | राम लाल श्रेष्ठ, बन्दीपुर गा.पा. २ तनहुँ। | ६० | नेपाली | ७२,८०९ | स्नातक | | सन १९८१ देखि २००७ सम्म २५ वर्ष बृटिस आर्मीमा कार्यरत |
| १४ | तिर्थराज गुरुङ्ग, बेशिशहर न.पा. ५ लमजुङ्ग | ५९ | नेपाली | ७०,७४७ | सैनिक शिक्षा | | भुतपूर्व बृटिस आर्मी |

**संचालकहरुको विवरण :**

| क्र.सं. | नाम तथा ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|
| १ | महेश बहादुर बस्नेत, धनकुटा गा.पा. २ धनकुटा | ६६ | नेपाली | १७,५६० | स्नातकोत्तर | पूर्व संयोजक : नेपाल विद्युत प्रधिकरणको विद्युत चुहावट नियन्त्रय समिति (२०५८ देखि २०५९) अध्यक्षः मन्दाकिनी हाईड्रोपावर लि.अध्यक्ष : हाईड्रो इन्नोभेसन प्रा.लि.। | पूर्व अध्यक्षः बाग्मती सभ्यता एकिकृत विकासको उच्च शक्ती समितिको निर्देशक : एसिया पावर ट्रेडिङ्ग कम्पनी। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | देब बहादुर गुरुङ्ग, पोखरा म.न.पा.१७ कास्की | ५१ | नेपाली | १,०४,१७२ | स्नातक | प्रवन्ध संचालक : मन्दाकिनी हाईड्रोपावर लि. | |
| ३ | बिष्णु बहादुर तामाङ्ग, सुलीकोट गा.पा. ५ गोरखा | ५५ | नेपाली | १,२४,३०९ | स्नातक | संचालक : मन्दाकिनी हाईड्रोपावर लि. | |
| ४ | हरी प्रसाद भट्ट, भिमसेन गा.पा ५ गोरखा | ४८ | नेपाली | ४०,९९६ | स्नातकोत्तर | पूर्व प्रमुख कार्यकारी अधिकृत : आखुखोला हाइड्रो पावर लि., संस्थापक शेयरधनी : सिंगटी हाइड्रो इनर्जी लि.। | पूर्व अध्यक्षः जङ्गल वर्ड रिसोर्ट, पूर्व प्रवन्ध संचालक भिजन सफारी रिसोर्ट सौराहा, अध्यक्षः करुणा सोप एण्ड केमिकल इन्डष्ट्रीज, अध्यक्ष प्रिमिएर इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट प्रा.लि., |
| ५ | मोतिकला सुब्बा देवान, धरान उ.म न. १८ सुनसरी | ५६ | नेपाली | २५,०१२ | एमफिल, एलएलएम | संचालकः मन्दाकिनी हाईड्रोपावर लि.। | प्राध्यापकः त्रिभुवन युनिभर्सिटि, उप सभापती : यलम्बर रिसर्च फाउन्डेसन, प्रोफेसनल अनुबादक |
| ६ | शरद कुमार दहाल, मादि गा.पा.१, संखुवासभा | | नेपाली | ९३,१२४ | स्नातकोत्तर | संचालकः मन्दाकिनी हाईड्रोपावर लि.। | अध्यक्षः पिपलबोट क्याफे प्रा.लि. । पूर्व अध्यक्षः परिधि इन्भेष्टमेन्ट प्रा.लि. । प्रवन्ध संचालक सुप्रिम डेस्टिनेसन टुर्स एण्ड ट्राभल प्रा.लि. |

**ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं | संस्थाको नाम तथा ठेगाना | संचालकहरुको नाम, ठेगाना | शेयर स्वामित्व | संस्थाको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १ | मुहान इन्भेष्टमेन्ट प्रा. लि | आशिष मानन्धर - अध्यक्ष<br>सुशिल श्रेष्ठ - प्रवन्ध सञ्चालक<br>विनय चन्द्र अमात्य - सञ्चालक<br>सुस्मिता अधिकारी - सञ्चालक<br>अर्कितराज मर्हजन - सञ्चालक | २३,१२४ | काठमाण्डौ मा.न.पा. १७ कालधारामा अवस्थित रहेको यस कम्पनीले विभिन्न कम्पनीहरुको शेयरमा लगानी गर्ने । |
| २ | क्यापिटल इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ्ग प्रा.लि. | रामचन्द्र शर्मा - अध्यक्ष<br>दिनेश पौडेल - सञ्चालक<br>योगेश्वर सापकोटा - सञ्चालक | ७,२१७ | काठमाण्डौ मा.न.पा.क्षेत्रपाटीमा अवस्थित रहेको यस कम्पनीले विभिन्न कम्पनीहरुको शेयरमा लगानी गर्ने । |

**ग) संगठित संस्थाका संचालकहरु, अन्य कुनै संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको सस्थाको नाम ठेगाना :**

| क्र.सं | नाम | सम्बन्धित रहेको संस्था, फर्म र कम्पनीहरु |
|---|---|---|
| १ | महेश बहादुर बस्नेत, धनकुटा गा.पा. २ धनकुटा | अध्यक्ष : हाईड्रो इन्नोभेसन प्रा.लि.। सञ्चालक : एसिया पावर ट्रेडिङ्ग कम्पनी। |
| २ | हरी प्रसाद भट्ट, भिमसेन गा.पा ५ गोरखा | अध्यक्षः करुणा सोप एण्ड केमिकल इन्डष्ट्रीज, अध्यक्ष प्रिमिएर इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट प्रालि., संस्थापक शेयरधनी : सिंगटी हाइड्रो इनर्जी लि.। |

| | | |
|---|---|---|
| ३ | मोतिकला सुब्बा देवान, धरान गा.पा. १८ सुनसरी | प्राध्यापकः त्रिभुवन युनिभर्सिटि, उप सभापती : यलम्बर रिसर्च फाउन्डेसन, प्रोफेसनल अनुबादक |
| ४ | शरद कुमार दहाल, मादि गा.पा.१, संखुवासभा | अध्यक्षः पिपलबोट क्याफे प्रा.लि. । प्रवन्ध संचालक सुप्रिम डेस्टिनेसन टुर्स एण्ड ट्राभल प्रा.लि. |

"**सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,** २०७४" को सम्पूर्ण व्यवस्थाहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पनि पालना भएको छ।

घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

अ) शेयर खरीद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको पूर्व स्वीकृति लिनुपर्नेछ। स्वीकृति बिना गरिएको शेयर खरीद वा हस्तान्तरण मान्य हुने छैन।

आ) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन।

इ) शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुने छ।

**ग.५.ख.संस्थापक/सञ्चालक सँगको कारोबार :**

क) **संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** कम्पनीका सञ्चालकहरुले सञ्चालक समितिको बैठक भत्ता बाहेक अन्य कुनैपनी संस्थापक वा सचालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन र सो सम्बन्धमा कम्पनीले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन।

ख) **बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको।

## ग.६.सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

## ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

**ग.७.क.संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

क) **संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण।**

| क्र.सं. | कर्मचारीको नाम | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | शेयर कित्ता | कार्यानुभव |
|---|---|---|---|---|---|---|
| १ | बुद्ध देव गिरी | प्रबन्धक | स्नातक | २०७०/०५/०१ | ५,६०३ | हाइड्रोपावर कम्पनी, निर्माण कम्पनी, बैंक तथा वित्तीय संस्थामा लामो अनुभव |
| २ | ई देवेन्द केसी | कन्सल्टेन्ट | स्नातकोत्तर | २०६९/०९/१२ | १८,३१८ | विगत ३० वर्ष देखि विभिन्न हाइड्रोपावर, इन्फ्रास्ट्रक्चर आदि क्षेत्रमा अनुभव प्राप्त। |
| ३ | ई शिव प्रसाद दहाल | प्लान्ट मेनेजर | स्नातक | २०७५/०२/२३ | – | विगत ७ वर्ष देखि जलविद्युत क्षेत्रमा अनुभव प्राप्त। |

ख) **कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरण :** सो नभएको।

ग) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको।

घ) **कर्मचारी संख्या :** स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य।

| स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| - | २४ | – | - | - | २४ |

**ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. मिति २०७७ पौष २५ गतेको छैठौं र साँतौ वार्षिक साधारण सभाबाट निर्णय भए अनुसार बैठकमा उपस्थित भए बापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु.४,०००/– हुनेछ।

२. कम्पनीको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता रु ५,००० /– हुनेछ। यातायात खर्च विल वमोजिम छ हुनेछ।

३. प्लाट इन्चार्जको मासिक पारिश्रमिक एवम् भत्ता रु.७५,०००/– हुनेछ।

४. अन्य सुविधा कम्पनी नियम बमोजिम हुनेछ।

**उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै भत्ता तथा सुविधा सञ्चालकहरुलाई भुक्तानी गर्ने व्यवस्था भएको भए सो सम्बन्धी विवरण:**
संचालक अध्यक्ष नै कार्यकारी संचालक भएको हुनाले निम्न बमोजिम मासिक पारिश्रमिक तोकिएको

| संचालक | मासिक पारिश्रमिक | यातायात खर्च | टेलिफोन खर्च | पत्रपत्रिका तथा स्टेशनरी | जम्मा |
|---|---|---|---|---|---|
| संचालक अध्यक्ष | १,१५,००० | - | - | - | १,१५,००० |

**ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | आर्थिक वर्ष ०७७/७८ मा पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) (भत्ता समावेश गरिएको छैन ) |
|---|---|---|---|
| १. | बुद्ध देव गिरी | प्रवन्धक | ६,३२,५०० |
| २. | ई देवेन्द केसी | कन्सल्टेन्ट | ७,०५,८७६ |
| ३. | ई शिव प्रसाद दहाल | प्लान्ट म्यानेजर | ९,७५,००० |

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:**
हालसम्म त्यस्तो कुनै करार गरिएको छैन।

**ग.८.अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा:**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने।

**क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- निर्माण सम्पन्न भई व्यापारीक उत्पादन समेत गरिसकेको हुँदा जलविद्युत आयोजनामा वित्तीय जोखिम न्यून रहेको।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम न्यून रहेको। तर नेपाल विद्युत प्राधिकरणले विद्युत खरीद बिक्री सम्झौता सहज र सरल नबनाएमा समस्या उत्पन्न हुने देखिन्छ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम मिति २०७८/०३/३१ गते प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भइरहेकोले वित्तीय साधनको अभावबाट हुने कुनै पनि जोखिम नरहेको।

**ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- जलस्रोतको निरन्तर मापन गरि डिजाईन गरिएको हुँदा उक्त जोखिम कम रहेको।

**ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको।

**घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost overrun) को जोखिम :**
उत्पादन सुरु भईसकेको हुनाले आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धिको जोखिम नरहेको।

**ङ) विदेशी विनिमयको जोखिम** : विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको।

**च) कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :**
उत्पादन सुरु भईसकेको हुनाले सोको जोखिम नरहेको।

**छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
१. अन्तरराष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयरको मूल्यमा असर पर्न सक्ने जोखिम रहेको।
२. पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट शेयरको मूल्यमा असर पर्न सक्ने जोखिम रहेको।

**ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिर्वतन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**झ) संचालन इतिहासको अभावः** आयोजना सञ्चालनमा आईसकेको हुनाले सो विषयमा जोखिम नरहेको ।

**ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिमः** उत्पादन सुरु भईसकेको हुनाले सोको जोखिम नरहेको ।

**ट) अन्य :**

- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ। उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानि नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न र आयोजना बन्द भएमा बन्द भएको अवधिको नोक्सान वापतको लागि निम्न बमोजिमको बीमा गरिएको छ। कम्पनीको सम्भावित नोक्सानी तथा अग्नि बीमा देहाय बमोजिमको इन्सुरेन्स कम्पनीहरुमा निम्न रकम बराबरको बिमा गरिएको छ।

| सि.नं. | बिमा गरिएको सम्पत्ति | बिमा कम्पनीको नाम | बिमाङ्क रकम (रु.) | अवधि (वार्षिक रुपमा नवीकरण हुने) | बिमा शुल्क(रु.) |
|---|---|---|---|---|---|
| १ | ग्रुप मेडिकल इन्स्सोरेन्स स्टाफ | सगरमाथा इन्स्सोरेन्स कम्पनी लि. | १९,००,०००.०० | २५/०७/२०२२ | ५९,४२०.०० |
| २ | ग्रुप मेडिकल इन्स्सोरेन्स संचालक | सगरमाथा इन्स्सोरेन्स कम्पनी लि. | १२,००,०००.०० | ०८/०७/२०२२ | ४८,०२०.०० |
| ३ | ग्रुप अक्सीडेन्टल इन्स्सोरेन्स स्टाफ एण्ड संचालक | सगरमाथा इन्स्सोरेन्स कम्पनी लि. | २४१,००,०००.०० | २०/०४/२०२२ | ५०,६३०.०० |
| ४ | मोटरबाइक इन्स्सोरेन्स | सगरमाथा इन्स्सोरेन्स कम्पनी लि. | २,०४,७२०.०० | १२/०७/२०२२ | २,०००.१० |
| ५ | अटोमोबाइल इन्स्सोरेन्स | एभरेष्ट इन्स्सोरेन्स कम्पनी लि. | २२,३९,०००.०० | २०/०७/२०२२ | २१,८०९.६९ |
| ६ | प्रोजेक्ट इक्युपमेन्ट इन्स्सोरेन्स | सगरमाथा इन्स्सोरेन्स कम्पनी लि. | ३,२६,८०,०००० | १२/०६/२०२२ | २,२१,५९३.०० |
| ७ | प्रोजेक्ट इन्स्सोरेन्स सार्दिखोला | सगरमाथा इन्स्सोरेन्स कम्पनी लि. | ५२,१६,३१,४२८.८१ | १५/०६/२०२२ | १,४१३,३२१.५७ |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

## ग.९. वित्तीय विवरण

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः**

**क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा(नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.ब.२०७७/०७८ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

### वासलात

**आ.व. २०७७/०७८**

| विवरण | रकम रु.मा |
|---|---|
| सम्पत्ति | |
| स्थीर सम्पत्ति | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | ८६,३४,३२,५५३.३१ |
| ह्रास कट्टी | (९,६४,२७,५९२.४५) |
| **जम्मा प्लान्ट तथा स्थीर सम्पत्ति** | **७६,७०,०४,९६०.८६** |
| कार्यगत पूँजी | ६,३६,८०,७८५.२० |
| लगानी | ६,१९,८८७.०० |
| ख्याति | १६,८४,८३४.०८ |
| **जम्मा स्थीर सम्पत्ति** | **६,५९,८५,५०६.२८** |
| **चालु सम्पत्ति** | |
| नगद र बैक ब्यालेन्स | २,३२,५८,५९१.८९ |
| अग्रीम निक्षेप र प्राप्ती | २८,६०७,६९६.४२ |
| इन्भेन्टोरिज | १,६६,६७५.०० |
| जम्मा चालु सम्पत्ति | ५,२०,३२,९६३.३१ |
| **जम्मा सम्पत्ति** | **८८,५०,२३,४३०.४५** |
| **इक्युटी तथा दायित्व** | |
| **इक्युटी** | |
| शेयर पूँजी | ४१,१६,२५,९००.०० |
| अग्रीम शेयर पूजी | – |
| संचित नाफा/(नोक्सान) | ८४,४२,७२२.६४ |
| **जम्मा पूँजी** | **४२,००,६८,६२२.६४** |
| **दीर्घकालीन ऋण** | |
| दीर्घकालीन ऋण | ४०,९८,९३,३६५.३० |
| **जम्मा दीर्घकालीन ऋण** | **४०,९८,९३,३६५.३०** |
| **चालु दायित्व** | |
| अल्पकालीन सापटी | १,२९,७५,३३६.२४ |
| व्यापार तथा भुक्तानी | ४,२०,१२,४९८.२७ |
| कर कट्टी | ७३,६०८.०० |
| **जम्मा चालु दायित्व** | **५,५०,६१,४४२.५१** |
| **जम्मा पूँजी तथा दायित्व** | **८८,५०,२३,४३०.४५** |

## नाफा नोक्सान हिसाव
**आ.व.२०७७/७८**

| विवरण | रकम रु.मा |
|---|---|
| प्रत्यक्ष आम्दानी | ९,६५,७१,०११.९० |
| रोयल्टी खर्च (कमी) | २३,३१,४२०.१८ |
| परियोजना खर्च (कमी) | १,२०,६५,६८९.४६ |
| **खुद नाफा** | **८,२१,७३,९०२.२६** |
| अन्य आम्दानी | ३७,२६९.२२ |
| प्रशासनिक खर्च | ३१,१३,२३८.११ |
| **सञ्चालन नाफा** | **७,९०,९७,९३३.३७** |
| वित्तीय लागत | ३,८०,६७,०२३.०२ |
| मुल्य ह्रास | २,५५,९१,९३३.४० |
| कर अघिको मुनाफा | १,५४,३८,९७६.९५ |
| बोनस व्यवस्था | ३,०८,७७९.५४ |
| कर | – |
| कर पछिको मुनाफा | १,५१,३०,१९७.४१ |
| यस वर्षको नाफा (नोक्सान) | १,५१,३०,१९७.४१ |
| गत वर्षको नाफा (नोक्सान) | (६६,८७,४७४.७७) |
| लाभांस वितरण | – |
| ब्यालेन्स ट्रानन्फर टु रिर्जभ | ८४,४२,७२२.६४ |

## नगद प्रवाह
**आ.व.२०७७/७८**

| विवरण | रकम रु. मा |
|---|---|
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | |
| यस वर्षको जम्मा नाफा (नोक्सान) | १,५१,३०,१९७.४१ |
| वित्तीय लागत (जोड) | ३,८०,६७,०२३.०२ |
| ह्रास कट्टी (जोड) | २,५५,९१,९३३.४० |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **७,८७,८९,१५३.८३** |
| चालु सम्पत्तिमा बृद्धि (कमी) | ८१,९२,००१.७८ |
| चालु दायित्वमा बृद्धि (कमी) | ३,६१,७२,७५७.६२ |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **१२,३१,५३,९१३.२३** |
| **लगानी कारोवारमा नगद प्रवाह** | |
| कार्यगत पूँजिमा बृद्धि | (५१,३२,२२९.००) |
| स्थिर सम्पत्तिको पूँजिकरण | (४,६३,८६,७३५.७९) |
| यस वर्षको डिस्पोजल (कमी) | – |
| लगानीमा बृद्धि (कमी) | – |
| ख्याति | (१६,८४,८३४.०८) |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(५,३२,०३,७९८.८७)** |

| | |
|---|---|
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | |
| बैक ऋणमा बृद्धि (कमी) | (३,५५,२२,२५९.९३) |
| शेयर जारी | २,६६,२५,९००.०० |
| लाभांस वितरण | – |
| घटाउः वित्तीय लागत | (३,८०,६७,०२३.०२) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **(४,६९,६३,३८२.९५)** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **२,२९,८६,७३१.४१** |
| सुरुको नगद तथा नगद सरह | २,७१,८६०.४८ |
| नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | २,३२,५८,५९१.८९ |

**ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधि भरको लेखापरीक्षण भएको वित्तीय विवरण :**

## वासलात

रकम रु. मा

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ |
| सम्पत्ति | | | |
| स्थीर सम्पत्ति | | | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | ८१,३८,२४,४९६.९० | ८१,७०,४५,८१७.५२ | ८६,३४,३२,५५३.३१ |
| ह्रास कट्टी | (४,३०,१९,७५९.३५) | (७,०८,३५,६५९.०५) | (९,६४,२७,५९२.४५) |
| **जम्मा प्लान्ट तथा स्थीर सम्पत्ति** | **७७,०८,०४,७३७.५५** | **७४,६२,१०,१५८.४६** | **७६,७०,०४,९६०.८६** |
| कार्यगत पूँजी | ५,४९,९२,९०९.२० | ५,८५,४८,५५६.२० | ६,३६,८०,७८५.२० |
| लगानी | ६,१९,८८७.०० | ६,१९,८८७.०० | ६,१९,८८७.०० |
| ख्याति | | | १६,८४,८३४.०८ |
| **जम्मा स्थीर सम्पत्ति** | **८२,६४,१७,५३३.७५** | **८०,५३,७८,६०१.६६** | **६,५९,८५,५०६.२८** |
| **चालु सम्पत्ति** | | | |
| नगद र बैक ब्यालेन्स | ४४,३३,७६८.२८ | २,७१,८६०.४८ | २,३२,५८,५९१.८९ |
| अग्रीम निक्षेप र प्राप्ती | ३,६४,५४,५४९.३४ | ३,६७,९९,६९८.२० | २,८६,०७,६९६.४२ |
| इन्भेन्टोरिज | १,६६,६७५.०० | १,६६,६७५.०० | १,६६,६७५.०० |
| जम्मा चालु सम्पत्ति | ४,१०,५४,९९२.६२ | ३,७२,३८,२३३.६८ | ५,२०,३२,९६३.३१ |
| **जम्मा सम्पत्ति** | **८,६७४,७२,५२६.३८** | **८४,२६,१६,८३५.३५** | **८८,५०,२३,४३०.४५** |
| **पूँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | १७,२०,०२,१००.०० | १७,२०,०२,१००.०० | ४१,१६,२५,९००.०० |
| अग्रीम शेयर पूँजी | २१,२९,९७,९००.०० | २१,२९,९७,९००.०० | ० |
| संचित नाफा/(नोक्सान) | (२,०६,७६,३४५.०२) | (६६,८७,४७४.७७) | ८४,४२,७२२.६४ |
| **जम्मा पूँजी** | **३६,४३,२३,६५४.९८** | **३७,८३,१२,५२५.२३** | **४२,००,६८,६२२.६४** |
| **दीर्घकालीन ऋण** | | | |
| दीर्घकालीन ऋण १ | ४६,६६,८८,६१९.२६ | ४४,५४,१५,६२५.२३ | ४०,९८,९३,३६५.३० |
| दीर्घकालीन ऋण २ | | | |

| | | | |
|---|---|---|---|
| **जम्मा दीर्घकालीन ऋण** | **४६,६६,८८,६१९.२६** | **४४,५४,१५,६२५.२३** | **४०,९८,९३,३६५.३०** |
| चालु दायित्व | | | |
| अल्पकालीन सापटी | १,६९,२२,३२२.८४ | ५२,०८,९५८.१४ | १,२९,७५,३३६.२४ |
| व्यापार तथा भुक्तानी | १,९४,९२,२५२.२९ | १,३६,५९,३४९.९५ | ४,२०,१२,४९८.२७ |
| कर कट्टी | ४५,६७७.०० | २०,३७६.८० | ७३,६०८.०० |
| **जम्मा चालु दायित्व** | **३,६४,६०,२५२.१४** | **१,८८,८८,६८४.८९** | **५,५०,६१,४४२.५१** |
| **जम्मा पूँजी तथा दायित्व** | **८६,७४,७२,५२६.३८** | **८४,२६,१६,८३५.३५** | **८८,५०,२३,४३०.४५** |

## नाफा नोक्सान हिसाव

रकम रु.

| विवरण | | वास्तविक | |
|---|---|---|---|
| | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ |
| प्रत्यक्ष आम्दानी | ९,२२,७१,०२४.८५ | १०,४८,६७,१४८.०४ | ९,६५,७१,०११.९० |
| रोयल्टी खर्च (कमी) | २,२४५,४२०.४९ | २,४९७,३४३.०० | २३,३१,४२०.१८ |
| परियोजना खर्च (कमी) | १,०९,६४,२९२.०९ | १,३०,१६,३३३.७६ | १,२०,६५,६८९.४६ |
| **खुद नाफा** | **७,९०,६१,३१२.२७** | **८९,३५३,४७१.२८** | **८२,१७३,९०२.२६** |
| अन्य आम्दानी | ५,८७,४२१.८२ | ४,६४,८०१.१६ | ३७,२६९.२२ |
| प्रशासनिक खर्च (कमी) | २४,७५,७३२.११ | १८,६९,९१३.४२ | ३१,१३,२३८.११ |
| सञ्चालन नाफा | ७,७१,७३,००१.९८ | ८,७९,४८,३५९.०२ | ७,९०,९७,९३३.३७ |
| वित्तीय लागत | ५,१६,६८,३४७.३४ | ४,६१,४३,५८९.०६ | ३,८०,६७,०२३.०२ |
| मुल्य ह्रास | २,६५,९२,३६०.१९ | २,७८,१५,८९९.७१ | २,५५,९१,९३३.४० |
| कर अघिको मुनाफा | (१०,८७,७०५.५५) | १,३९,८८,८७०.२५ | १,५४,३८,९७६०.९५ |
| बोनस व्यवस्था | – | – | ३,०८,७७९.५४ |
| चालु वर्षको कर | – | – | – |
| कर पछिको मुनाफा | (१०,८७,७०५.५५) | १,३९,८८,८७०.२५ | १,५१,३०,१९७.४१ |
| लाभांस वितरण | – | – | – |
| यस वर्षको नाफा (नोक्सान) | (१०,८७,७०५.५५) | १,३९,८८,८७०.२५ | १,५१,३०,१९७.४१ |
| गत वर्षको नाफा (नोक्सान) | (१,९५,८८,६३९.४७) | (२,०६,७६,३४५.०२) | (६६,८७,४७४.७७) |
| **ब्यालेन्स ट्रानन्फर टु रिर्जभ** | **(२,०६,७६,३४५.०२)** | **(६६,८७,४७४.७७)** | **८४,४२,७२२.६४** |

## नगद प्रवाह विवरण

**रकम रु.मा**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.व २०७५-७६ | आ.व २०७६-७७ | आ.व २०७७-७८ |
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | | | |
| यस वर्षको जम्मा नाफा (नोक्सान) | (१०,८७,७०५.५५) | १,३९,८८,८७०.२५ | १,५१,३०,१९७.४१ |
| वित्तीय लागत (जोड) | ५,१६,६८,३४७.३४ | ४,६१,४३,५८९.०६ | ३,८०,६७,०२३.०२ |
| ह्रास कट्टी (जोड) | २,६५,९२,३६०.१९ | २,७८,१५,८९९.७१ | २,५५,९१,९३३.४० |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **७,७१,७३,००१.९८** | **८,७९,४८,३५९.०२** | **७,८७,८९,१५३.८३** |

| | | | |
|---|---|---|---|
| चालु सम्पत्तिमा बृद्धि (कमी) | (८९,९२,७४७.११) | (३,४५,१४८.८६) | ८१,९२,००१.७८ |
| चालु दायित्वमा बृद्धि (कमी) | ४,३३७,३६१.११ | (१७,५७१,५६७.२५) | ३,६१,७२,७५७.६२ |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **७,२५,१७,६१५.९८** | **७,००,३१,६४२.९१** | **१२,३१,५३,९१३.२३** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | | |
| लगानीमा बृद्धि (कमी) | – | – | – |
| कार्यगत पूँजिमा बृद्धि | (४६,८४,१११.००) | (३५,५५,६४७.००) | (५१,३२,२२९.००) |
| स्थिर सम्पत्तिको पूँजिकरण | (१,११,२३,२१३.३२) | (५५,७४,२५४.००) | (४,६३,८६,७३५.७९) |
| डिस्पोजल यस आ.व. मा | १२,८२,९००.०० | २३,५२,९३३.३८ | – |
| ख्याति | | | (१६,८४,८३४.०८) |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(१,४५,२४,४२४.३२)** | **(६७,७६,९६७.६२)** | **(५,३२,०३,७९८.८७)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर निष्काशन | – | – | २,६६,२५,९००.०० |
| ऋणमा बृद्धि (कमी) | (४२,०४,७४५.६६) | (२,१२,७२,९९४.०३) | (३,५५,२२,२५९.९३) |
| लाभांस वितरण | – | – | – |
| घटाउः वित्तीय लागत | (५,१६,६८,३४७.३४) | (४,६१,४३,५८९.०६) | (३,८०,६७,०२३.०२) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **(५,५८,७३,०९३.००)** | **(६,७४,१६,५८३.०९)** | **४,६९,६३,३८२.९५** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **२१,२०,०९८.६६** | **(४१,६१,९०७.८०)** | **२,२९,८६,७३१.४१** |
| सुरुको नगद तथा नगद सरह | २३,१३,६६९.६२ | ४४,३३,७६८.२८ | २,७१,८६०.४८ |
| नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | ४४,३३,७६८.२८ | २,७१,८६०.४८ | २,३२,५८,५९१.८९ |

नोटः कम्पनीले लामा रामेछाप-पी.एस् लोहनी लाई भुक्तानी योग्य रु. ३,९८,३२,४७९.७१ लाई आर्थिक वर्षको अन्त्यमा तिर्नुपर्ने भनी हिसाब गरेको छ। सिभिल निर्माण कार्य पूँजीकरण वर्ष २०७४-२०७५ मा सम्पन्न भइसकेका छन् तर पार्टीबाट बिजक २०७८/०७/०३ मा मात्र प्राप्त भएकोले असार ३१, उपरोक्त लेनदेनलाई दायित्व र सम्पत्ति भनी राखिएको छ।

कम्पनीले महत्वपूर्ण लेखा नीति र Notes to Accounts को नोट नं. A (1) मा खुलासा गरे अनुसार नेपाल लेखा मापदण्ड (NAS) को आधारमा वित्तिय विवरण तयार गरेको छ तर सार्वजनिक उत्तरदायित्व भएका संस्थाहरु (जो पुँजी जारी गर्ने प्रकृयामा छ) जसका लागि लागू हुने वित्तिय प्रतिवेदन ढाँचा July 15, 2021 बाट कार्यान्वयन हुने गरी नेपाल लेखा मापदण्ड (NAS) बाट नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (NFRS) मा परिवर्तन गरिएको छ। नेपाल वित्तिय प्रतिवेदन मानक (NFRS) को अनुच्छेद २१ ले संस्थाको पहिलो NFRS अनुरुप वित्तिय विवरणहरुमा वित्तिय स्थितिको कम्तीमा तीन विवरणहरु, व्यापक आय (Comprehensive Income) को दुई विवरण, दुई अलग अलग आय विवरण (यदि प्रस्तुत गरिएको छ भने), नगद प्रवाहको दुई कथन र ईक्विटि र सम्बन्धित नोटहरुमा परिवर्तनहरुको दुई कथन, तुलनात्मक जानकारी सहित पेश गरिनु पर्छ।

यद्यपी, वित्तिय विवरणहरु NFRS को आधारमा तयार गरिएको छैन। NFRS 1 को प्रावधानहरुको आधारमा विगतका वर्षहरुको वित्तिय विवरणहरु र वित्तिय जानकारीहरु पूनः प्रस्तुत गरिएको छैन र खुलासा गरिएको छैन। NFRS का आधारमा वित्तिय सूचनाहरु पूनः स्थापित नगर्ने, प्रस्तुत नगर्ने र खुलासा नगर्दाको संचयी प्रभाव अनिश्चित छ र यो भौतिक र व्यापक हुन सक्छ।

ग) **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

यस कम्पनीको आ.व.२०७८/०७९ चैत्र मसान्तको आन्तरिक लेखापरिक्षबाट प्रमाणित भएको नाफा–नोक्सान हिसाब तथा नाफा नोक्सान बाँडफाँट हिसाब खाताको अपरिष्कृत वित्तीय विवरणको यथार्थ रूपरेखा यस प्रकार छ :

# वासलात

**आ.व. २०७८/०७९ चैत्र मसान्त**

| विवरण | रकम रु.मा |
|---|---|
| स्थीर सम्पत्ति | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | ८६,४३,९८,४८१.०७ |
| ह्रास कट्टी | (११,५८,४८,८२९.६४) |
| **जम्मा प्लान्ट तथा स्थीर सम्पत्ति** | **७४,८५,४९,६५१.४३** |
| कार्यगत पूँजी | ६,६६,१८,१४२.२० |
| लगानी | ६,१९,८८७.०० |
| ख्याति | १६,८४,८३४.०८ |
| **जम्मा स्थीर सम्पत्ति** | **६,८९,२२,८६३.२८** |
| **चालु सम्पत्ति** | |
| नगद र बैक ब्यालेन्स | १,५५,१०,०९४.८६ |
| अग्रीम निक्षेप र प्राप्ती | २,९३,६२,६५४.१८ |
| इनभेन्टोरिज | ५०,८४,४१२.४६ |
| जम्मा चालु सम्पत्ति | ४,९९,५७,१६१.५० |
| **जम्मा सम्पत्ति** | **८६,७४,२९,६७६.२१** |
| **पूँजी तथा दायित्व** | |
| शेयर पजी | ४१,१६,२५,९००.०० |
| अग्रीम शेयर पूजी | – |
| संचित नाफा/(नोक्सान) | ४,२९,७८,५७७.७३ |
| **जम्मा इक्युटी** | **४५,४६,०४,४७७.७३** |
| **दीर्घकालीन ऋण** | |
| दीर्घकालीन ऋण १ | ३८,२३,९४,०००.०४ |
| दीर्घकालीन ऋण २ | – |
| **जम्मा दीर्घकालीन ऋण** | **३८,२३,९४,०००.०४** |
| **चालु दायित्व** | |
| अल्पकालीन सापटी | – |
| व्यापार तथा भुक्तानी | २९,९६५,९६५.४३ |
| कर कट्टी | ४६५,२३३.०० |
| **जम्मा चालु दायित्व** | **३०,४३१,१९८.४३** |
| **जम्मा पूजी तथा दायित्व** | **८६७,४२९,६७६.२०** |

## नाफा नोक्सान हिसाव

**आ.व.२०७८/७९ चैत्र मसान्त**

| विवरण | रकम रु.मा |
|---|---|
| प्रत्यक्ष आम्दानी | ९,२७,४८,०९३.४६ |
| रोयल्टी खर्च (कमी) | १९,५९,७९२.४६ |
| परियोजना खर्च (कमी) | १,२४,०२,४१९.२३ |
| **खुद नाफा** | **७,८३,८५,८८१.७७** |
| अन्य आम्दानी | १६,८८,१२०.५९ |
| प्रशासनिक खर्च | २९,६३,४२९.६७ |
| **सञ्चालन नाफा** | **७,७१,१०,५७२.६९** |
| वित्तीय लागत | २,२३,३६,८४२.१७ |
| मुल्य ह्रास | १,९४,२१,२३७.२० |
| आईपिओ खर्च | ८,१६,६३८.०० |
| कर अघिको मुनाफा | ३,४५,३५,८५५.३२ |
| बोनस व्यवस्था | – |
| कर | |
| कर पछिको मुनाफा | ३,४५३,५,८५५.३२ |
| लाभांस वितरण | |
| गत वर्षको नाफा (नोक्सान) | ८४,४२,७२२.४१ |
| **ब्यालेन्स ट्रानन्फर टु रिर्जभ** | **४,२९,७८,५७७.७३** |

## नगद प्रवाह

**आ.व. २०७८/०७९ चैत्र मसान्त**

| विवरण | रकम रु. मा |
|---|---|
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | |
| यस वर्षको जम्मा नाफा (नोक्सान) | ३,४५,३५,८५५.३२ |
| वित्तीय लागत (जोड) | २,२३,३६,८४२.१७ |
| ह्रास कट्टी (जोड) | १,९४,२१,२३७.२० |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **७,६२,९३,९३४.६९** |
| चालु सम्पत्तिमा बृद्धि (कमी) | (५६,७२,६९५.२२) |
| चालु दायित्वमा बृद्धि (कमी) | (२,४६,३०,२४४.०८) |
| **संचालनबाट हुने प्रवाह** | **(३,०३,०२,९३९.३०)** |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **४,५९,९०,९९५.३९** |
| **लगानी कारोवारमा नगद प्रवाह** | |
| कार्यगत पूँजिमा बृद्धि | (२९,३७,३५७.००) |
| स्थिर सम्पत्तिको पूँजिकरण | (९,६५,९२८.००) |
| यस वर्षको डिस्पोजल (कमी) | – |
| लगानीमा बृद्धि (कमी) | – |

| | |
|---|---|
| ख्याति | – |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(३९,०३,२८५.००)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | |
| बैक ऋणमा बृद्धि (कमी) | (२,७४,९९,३६५.२६) |
| शेयर जारी | – |
| लाभांस वितरण | – |
| घटाउः वित्तीय लागत | (२,२३,३६,८४२.१७) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **(४,९८,३६,२०७.४३)** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **(७७,४८,४९७.०४)** |
| सुरुको नगद तथा नगद सरह | २,३२,५८,५९१.८९ |
| नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | १,५५,१०,०९४.८६ |

घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारणः** सो नभएको ।

ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** सो नभएको ।

च) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको ।

छ) **विगत ५ वर्षमा सम्पत्तिको पुर्नमूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए** (अ) **सम्पत्तिको विवरण** (आ) **सम्पत्तिको पुर्नमूल्यांकन अघि र पछिको किताबी मूल्य** (ई) **पुर्नमूल्यांकनको औचित्य :** सो नभएको ।

ज) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छः

## वासलात

रकम रु.

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ |
| स्थीर सम्पत्ति | | | |
| सम्पत्ति, प्लान्ट तथा मेसिनरी | ८६,७१,५४,९०१.३१ | ८६,७५,८९,८५१.३१ | ८६,८२,८८,२८१.३१ |
| ह्रास कट्टी | (१२,१९,९४,४२४.४९) | (१४,७६,८९,६१३.३) | (१७,३४,००,३३६.१३) |
| **जम्मा प्लान्ट तथा स्थीर सम्पत्ति** | **७४,५१,६०,४७६.८२** | **७१,९९,००,२३७.९७** | **६९,४८,८७,९४५.१८** |
| कार्यगत पूँजी | १६,३६,८०,७८५.२० | ५१,३७,३४,७०५.०३ | ५४,२३,२३,६५९.०० |
| लगानी | ६,१९,८८७.०० | ६,१९,८८७.०० | ६,१९,८८७.०० |
| ख्याति | | | |
| **जम्मा स्थीर सम्पत्ति** | **१६,४३,००,६७२.२०** | **५१,४३,५४,५९२.०३** | **५४,२९,४३,५४६.००** |
| **चालु सम्पत्ति** | | | |
| नगद र बैक ब्यालेन्स | ३,७९,२५,६२७.७१ | ४,१२,३६,३२१.४० | ३,९०,३१,४८४.९९ |
| अग्रीम निक्षेप र प्राप्ती | ३,१८,९९,३४४.५३ | ३,४७,७०,२८५.५४ | २,९८,९९,६११.२४ |
| इन्भेन्टोरिज | ८,९६,३२९.०० | ९,८५,९६१.९० | १,०८,५५८.०९ |
| जम्मा चालु सम्पत्ति | ७,०७,२१,३०१.२४ | ७,६९,९२,५६८.८४ | ७,००,१५,६५४.३२ |
| **जम्मा सम्पत्ति** | **९८,०१,८२,४५०.२६** | **१,३१,१२,४७,३९८.८४** | **१,३०,७८,४७,१४५.५०** |
| **इक्युटी तथा दायित्व** | | | |

| इक्युटी | | | |
|---|---|---|---|
| शेयर पूँजी | ५,८८,०३६,९००.०० | ५८,८०,३६,९००.०० | ५८,८०,३६,९००.०० |
| अग्रीम शेयर पूजी | – | – | – |
| संचित रकम | ५,४९,७१,३८३.२० | ७,५९,७२,०३४.०८ | १०,२७,६१,७६३.७५ |
| **जम्मा पूँजी** | **६४,३०,०८,२८३.२०** | **६६,४०,०८,९३४.०८** | **६९,०७,९८,६६३.७५** |
| **दीर्घकालीन ऋण** | | | |
| दीर्घकालीन ऋण १ | ३२,३३,९३,३६६.०० | २८,३८,९३,३६६.०० | २३,९८,९३,३६६.०० |
| दीर्घकालीन ऋण २ | – | ३५,२८,६४,७०३.८० | ३१,३६,६४,७०३.८० |
| *** जम्मा दीर्घकालीन ऋण** | **३२,३३,९३,३६६.००** | **६३,६७,५८,०६९.८०** | **५५,३५,५८,०६९.८०** |
| **चालु दायित्व** | | | |
| अल्पकालीन सापटी | ४२,१९,२५६.०९ | ३७,९७,३३०.४८ | २,५७,९७,३३०.४८ |
| व्यापार तथा भुक्तानी | ९५,६१,५४४.९७ | ६६,८३,०६४.४८ | ३,७६,९३,०८१.४८ |
| कर कट्टी | – | – | – |
| **जम्मा चालु दायित्व** | **१,३७,८०,८०१.०६** | **१,०४,८०,३९४.९६** | **६,३४,९०,४११.९६** |
| **जम्मा पूँजी तथा दायित्व** | **९८,०१,८२,४५०.२६** | **१,३१,१२,४७,३९८.८४** | **१,३०,७८,४७,१४५.५०** |

## नाफा नोक्सान हिसाव

रकम रु.मा

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ |
| प्रत्यक्ष आम्दानी | १२,४२,२९,९४३.७२ | १२,४२,२९,९४३.७२ | १२,४२,२९,९४३.७२ |
| रोयल्टी खर्च (कमी) | २८,८४,५९८.८७ | २८,८४,५९८.८७ | २८,८४,५९८.८७ |
| परियोजना खर्च (कमी) | १३,०,७२,५००.०० | १३,७२६,१२५.०० | १,४४,१२,४३१.२५ |
| **खुद नाफा** | **१०,८२,७२,८४४.८५** | **१०,७६,१९,२१९.८५** | **१०,६९,३२,९१३.६०** |
| अन्य आम्दानी | – | – | – |
| प्रशासनिक खर्च | २६,९२,६७५.३२ | २९,७६,८२३.२२ | ३२,९४,४९१.७५ |
| **सञ्चालन नाफा** | **१०,५५,८०,१६९.५२** | **१०,४६,४२,३९६.६३** | **१०,३६,३८,४२१.८५** |
| वित्तीय लागत | ३,३४,८४,६७६.९३ | ५,७९,४६,५५६.९० | ५,११,३७,९६९.४० |
| मूल्य ह्रास | २,५५,६६,८३२.०३ | २,५६,९५,१८८.८६ | २,५७,१०,७२२.७८ |
| बोनस व्यवस्था | – | – | – |
| कर | – | – | – |
| कर पछिको मुनाफा | ४,६५,२८,६६०.५६ | २,१०,००,६५०.८७ | २,६७,८९,७२९.६७ |
| लाभांस वितरण | | | |
| गत वर्षको नाफा (नोक्सान) | ८४,४२,७२२.६४ | ५,४९,७१,३८३.२० | ७५९,७२,०३४.०८ |
| ब्यालेन्स ट्रानन्फर टु रिर्जभ | ५४९,७१,३८३.२० | ७५९,७२,०३४.०८ | १०,२७,६१,७६३.७५ |

## नगद प्रवाह विवरण

रकम रु.मा

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ |
| **कारोवार सञ्चालनमा नगद प्रवाह** | | | |
| यस वर्षको जम्मा नाफा (नोक्सान) | ४,६५,२८,६६०.५६ | २,१०,००,६५०.८७ | २,६७,८९,७२९.६७ |
| वित्तीय लागत (जोड) | ३,३४,८४,६७६.९३ | ५,७९,४६,५५६.९० | ५,११,३७,९६९.४० |
| ह्रास कट्टी (जोड) | २,५५,६६,८३२.०३ | २,५६,९५,१८८.८६ | २,५७,१०,७२२.७८ |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **१०,५५,८०,१६९.५२** | **१०,४६,४२,३९६.६३** | **१०,३६,३८,४२१.८५** |
| चालु सम्पत्तिमा बृद्धि (कमी) | (४०,२१,३०२.११) | (२९,६०,५७३.९१) | ४७,७२,०७८.११ |
| चालु दायित्वमा बृद्धि (कमी) | (४,१२,८०,६४१.४५) | (३३,००,४०६.१०) | ५,३०,१०,०१७.०० |
| **कारोवार सञ्चालनमा खुद नगद प्रवाह (क)** | **६०२,७८,२२५.९६** | **९,८३,८१,४१६.६२** | **१६,१४,२०,५१६.९६** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | | |
| कार्यगत पूँजिमा बृद्धि | (१०,००,००,०००.००) | (३५,००,५३,९१९.८३) | (२,८५,८८,९५३.९७) |
| लगानीमा बृद्धि (कमी) | (३७,२२,३४८.००) | (४३४,९५०.००) | (६९८,४३०.००) |
| यस वर्षको डिस्पोजल (कमी) | – | – | – |
| ख्याति | १६,८४,८३४.०८ | – | – |
| **लगानी कारोवारमा खुद नगद प्रवाह (ख)** | **(१०,२०,३७,५१३.९२)** | **(३५,०४,८८,८६९.८३)** | **(२,९२,८७,३८३.९७)** |
| **वित्तीय कारोवारबाट नगद प्रवाह** | | | |
| ऋणमा बृद्धि (कमी) | (८,६५,००,०००.००) | ३१,३३,६४,७०३.८० | (८,३२,००,०००.००) |
| शेयर जारी | १७,६४,११,०००.०० | – | – |
| लाभांस वितरण | – | – | – |
| घटाउः वित्तीय लागत | (३,३४,८४,६७६.९३) | (५,७९,४६,५५६.९०) | (५,११,३७,९६९.४०) |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह (ग)** | **५,६४,२६,३२३.०७** | **२५,५४,१८,१४६.९०** | **(१३,४३,३७,९६९.४०)** |
| **खुद नगद प्रवाह (क+ख+ग)** | **१,४६,६७,०३५.११** | **३३,१०,६९३.६९** | **(२२,०४,८३६.४०)** |
| सुरुको नगद तथा नगद सरह | २३,२५८,५९१.८९ | ३७,९२५,६२७.७१ | ४१,२३६,३२१.४० |
| नगद तथा बैकमा रहेको अन्तिम मौज्दात | ३७,९२५,६२७.७१ | ४१,२३६,३२१.४० | ३९,०३१,४८४.९९ |

### वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ |
|---|---|---|---|
| १. कुल आयमा औषत वृद्धिदर | २८.५९ | ०.००% | ०.००% |
| २. कुल खर्चमा औषत वृद्धिदर (ब्याज र ह्रास बाहेक) | २.४४% | ५.०९% | ५.४२% |
| ३. संचालन खर्च तथा कुल आम्दानी अनुपात | २.१७% | २.४०% | २.६५% |
| ४. खुद मुनाफामा औषत वृद्धिदर | २०७.५२% | (५४.८७%) | २७.५७% |
| ५. आयकर व्यवस्था (प्रतिशतमा) | – | – | – |
| प्रति शेयर आम्दानी | ७.९१ | ३.५७ | ४.५६ |
| अन्य संचालन खर्चका वृद्धिदर (ह्रास तथा ब्याज खर्च) | –७.२४% | ४१.६४% | –८.१२% |
| Return on Equity | ७.२४% | ३.१६% | ३.८८% |
| Return on Assets | ४.७५% | १.६०% | २.०५% |

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेका छन् :**

१. ३५ वर्षको परियोजनालाई ध्यानमा राखेर SLM विधि अनुसार मूल्य ह्रास गणना गरिएको छ।
२. जलविद्युत प्राधिकरणले तोकेको प्रति आयलाई मान्यता दिइन्छ र उर्जा उत्पादन (Kwh) को लागि अधिकतम स्वीकृत क्षमतालाई आधार मानिएको छ।
३. माथिल्लो मर्दी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गर्न २ वर्ष लाग्ने अनुमान गरिएको छ।
४. आयोजनाको आयमा पहिलो १० वर्षको आयकर छुट गरिएको छ। र त्यस पछिको पाँच वर्षको लागि आयकर १० प्रतिशतले गणना गरिएको छ भने र त्यस पछिका बाँकि वर्षहरुको लागि २० प्रतिशतले आयकर गणना गरिएको छ।

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| शेयर पुँजी | १७,२०,०२,१०० | ३,८५,०००,००० | ४१,१६,२५,९०० | ५८,८०,३६,९०० | ५८,८०,३६,९०० | ५८,८०,३६,९०० |
| संचित नाफा /नोक्सान | (२,०६,७६,३४५.०२) | (६६,८७,४७४.७७) | ८४,४२,७२२.६४ | ५,४९,७१,३८३.२० | ७,५९,७२,०३४.०८ | १०,२७,६१,७६३.७४ |
| शेयर संख्या | १७,२०,०२१ | ३८,५०,००० | ४१,१६,२५९ | ५८,८०,३६९ | ५८,८०,३६९ | ५८,८०,३६९ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८८ | ९८ | १०२ | १०९ | ११३ | ११७ |
| प्रति शेयर आम्दानी | (०.६३) | ३.६३ | ३.६८ | ७.९१ | ३.५७ | ४.५६ |
| नेटवर्थमा औसत प्रतिफल % | (०.७२%) | ३.७०% | ३.६०% | ७.२४% | ३.१६% | ३.८८% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | ११.३० |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि एबिएस एण्ड एसोशियट्स का श्री विशेष विभु आचार्य ज्यू ले प्रमाणित गर्नु भएको हो।

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** ४.१७%

## ग.१०.धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### ग.१०.क.धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीबाट निर्माण भएको जलविद्युत आयोजनाको निर्माण तथा विकासका लागि बैकसँग सम्झौता भई लिएको ऋण चुक्ता गर्नु तथा सर्वसाधारणलाई शेयरमा लगानी गर्ने अवसर दिनु नै यस निष्काशनको मुख्य उद्देश्य हो।

### ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग

**क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

निष्काशनबाट प्राप्त हुने कुल रकम रु १७,६४,११,००० (अक्षरेपि सत्र करोड चौसठ्ठी लाख एघार हजार मात्र) तपशिल बमोजिमको बैंक तथा वित्तीय संस्था संग लिएको ऋण भुक्तानी गर्ने काममा प्रयोग गरिने छ।

**ऋणको भुक्तानी सम्बन्धी व्यवस्था तपशिल बमोजिम रहेको छ।**

| ऋण लिएको बैंक/वित्तीय संस्थाको नाम | शुरुमा प्राप्त गरेको ऋण रकम | तिर्न बाँकी रहेको ऋण रकम | निष्काशनबाट प्राप्त हुने रकमबाट ऋण भुक्तानीको विवरण |
|---|---|---|---|
| एनएमबी बैंक लिमिटेड | २०,३३,०८,८५६.२८ | १९,४०,२६,२०१.३४ | ७,६१,६५,६९१ |
| बैंक अफ काठमाण्डू लि. | १६,०५,१३,०११.९० | १५०,७९,८२४.६३ | ६,०१,३३,०६४ |
| कुमारी बैंक लिमिटेड | १०,७०,७१,४९६.७४ | १,००,५९,१८२.२६ | ४,०१,१२,२४५ |
| **जम्मा** | **४७,०८,९३,३६४.९२** | **२१,९१,६५,२०८.२३** | **१७,६४,११,०००.००** |

ख) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था** : अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेको छ। कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय वासिन्दाहरुले पूर्णरुपमा खरीद नगरेमा बाँकि शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिने छ। सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतीकर्ता श्री नविल इन्भेष्टमेन्ट लि. नक्साल, काठमाण्डौँसँग मिति २०७८/०६/२० मा रु. १७,६४,११,०००/–(अक्षरेपी सत्र करोड चौसठ्ठी लाख एघार हजार मात्र) बराबरको १७,६४,११० कित्ता शेयर प्रत्याभूति गरिएको छ।

ग) **आयोजनाको संचालन स्थान, आयोजना चरणवद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण**: यस कम्पनीबाट कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वार्ड नं.२ (साविक सार्दिखोला गाविस) मा रहेको सर्दिखोलामा आयोजना शत प्रतिशत निर्माण कार्य सम्पन्न भई व्यवसायिक रुपमा उत्पादन सुरु भईसकेको छ।

घ) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** : सर्दिखोला जलविद्युत आयोजना निर्माण कार्य भई रहेको जलविद्युत आयोजना ४ मे.वा मिति २०७४/ ०८/२३ गते देखि पूर्णरुपमा संञ्चालनमा आई व्यवसायिक रुपमा उत्पादन सुरु भईसकेको छ।

ङ) **संगठित संस्थाले कुनै उपकरण खरीदगरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बुँदाहरु : संस्थाले खरीद गरेको उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम निम्न बमोजिम रहेको तथा सप्लायर्ससँग कुनै सम्झौता नभएको।**

| क्र. सं. | सप्लायर्सको नाम | उपकरणको नाम | उपकरणको मूल्य |
|---|---|---|---|
| १ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | सर्किट ब्रेकर | ८००,०००.०० |
| २ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | डिस्कनेक्टिङ्ग स्वीचहरु | ५००,०००.०० |
| ३ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | इन्स्ट्रुमेन्ट टान्सफर्मर | १,०४३,४००.०० |
| ४ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | लाइटिङ एरेस्टर | १३५,०००.०० |
| ५ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | कन्ट्रोल एण्ड रिले प्यानल (स्वचालित) | २,४८९,३५०.०० |
| ६ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | ग्राउन्डिङ | ६०७,७००.०० |
| ७ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | कल्ट्रोल एण्ड पावर केवलस् | २,१५७,०००.०० |
| ८ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | हार्डवोयर र विविध समाग्री | १,६५७,५५०.०० |
| ९ | डेल्टा हाइड्रो सोलुसन प्रा.ली. | इनर्जी मिटर | ६१०,०००.०० |
| | | | १०,०००,०००.०० |

च) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण** : सो नभएको।

छ) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

- कम्पनीबाट निर्माण कार्य भइरहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४ मे.वा.रहेको।
- **आयोजनाको प्रकृति** : जलविद्युत आयोजना
- **प्रयोगकर्ता** : आयोजनाबाट उत्पादित विद्युतशक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गर्ने
- **प्रतिस्पर्धा** : हाल प्रतिस्पर्धा नरहेको।
- **लक्षित समूह** : नेपाल विद्युत प्राधिकरण मार्फत सर्वसाधारण जनता तथा उद्योग धन्दाहरु।
- **उत्पादन क्षमता** : कम्पनीबाट कास्की जिल्ला माछापुच्छ्रे गाउँपालीका वार्ड नं.२ (साविक सार्दिखोला गाविस) स्थित सार्दिखोलामा निर्माण भई रहेको जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ४ मे. वा.रहेको छ।

ज) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत** : कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वार्ड नं.२ (सविक सार्दिखोला गाविस) स्थित सार्दिखोलाको पानी।

झ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** : कास्की जिल्ला माछापुच्छ्रे गाउँपालीका वार्ड नं.२ (साविक सार्दिखोला गाविस) स्थित सार्दिखोलाको पानी।

ञ) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**

अ) निष्काशन तथा बिक्री प्रबन्धक– रु.१,००,०००/- (अक्षेरेपी एक लाख मात्र)

आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा)– निष्काशन गरिने शेयर डिवेन्चर नभई साधारण शेयर भएको।

ई) प्रत्याभूतिकर्ता शुल्क – रु.६,१७,४३८.५०/– ( अक्षरेपी छ लाख सत्र हजार चार सय अठ्तिस रुपैया पचास पैसा) (नविल इन्भेष्टमेन्ट लि. लाई भुक्तानी गरिएको )

उ) लेखापरिक्षकको शुल्क प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.९०,०००/- (अक्षरेपी नब्बे हजार) (Exclusive Vat) भुक्तानी गरिएको।

**ग.१०.ग.सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** सो नभएको।

**ग.१०.घ.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाइएको विधि र औचित्य :**

शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरणः**

क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ।

२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पूनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ।

४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिनेछ।

५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।

६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरुबीच भएको प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ।

ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः**

यस निष्कासनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेकाले शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई बैंक खातामा रकम फुकुवा गर्ने व्यवस्था गर्ने।

ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ (३) भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**

निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशनतथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम आयोजना प्रभावित स्थानीय बासिन्दाहरुको शेयर ३ (तीन) वर्षको Lock in period राखी सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ। सर्वसाधारणहरुको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशनतथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचिकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ (७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ।

**ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण** : सो नभएको।

**च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ।

**ग. १०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये १००५ ले हुन आउने १७,६४,११० कित्ता साधारण शेयरको लागि रु.१७,६४,११,०००/– (अक्षरेपी सत्र करोड चौसठ्ठी लाख एघार हजार रुपैंया मात्र) प्रत्याभूति सेवा प्रदान गर्न निम्न प्रत्याभूतिकर्ताहरुसँग सम्झौता गरेको छ।

| सि.नं. | प्रत्याभूतिकर्ताको नाम, ठेगाना | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (ने.रु.) |
|---|---|---|---|
| १ | श्री नबिल इन्भेष्टमेन्ट लि., नक्साल ,काठमाण्डौं | १७,६४,११० | १७,६४,११,००० |

**ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य – मुख्य बूँदाहरु :**

**प्रत्याभूतिकर्तासँग भएको सम्झौताका बुँदाहरु :**

१) प्रत्याभूतिकर्ताले सम्झौतापत्रमा मन्जुर गरेको बमोजिम शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ।

२) प्रत्याभूतिकर्तालाई रु. १००/– अंकित दरको सम्झौता पत्रमा मन्जुर गरेको बमोजिम शेयरहरु बराबरको साधारण शेयरको प्रत्याभूति सेवा प्रदान गरे बापत कम्पनीले कूल प्रत्याभूत गरिएको रकमको ०.३५ प्रतिशतका दरले सेवा शुल्क प्रदान गर्नेछ।

३) यदि शेयर पूर्ण वा आंशीक रुपमा बिक्री नभई द्बितिय पक्षले प्रत्याभूति गरेको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा प्रथम पक्षले रकम माग गरेको ७ दिन भित्र शेयर खरीद गरि भुक्तानी दिनु पर्नेछ।

४) प्रथम पक्षको शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ।

५) प्रत्याभूति गरेको शेयर बिक्री नभई ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्याभूतिकर्तालाई समेत साधारण शेयरधनी सरह शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

६) शेयर प्रत्याभुतीको सम्झौताको समय सम्झौता भएको मितिबाट १ वर्ष कायम रहनेछ।

७) कथंकदाचित कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पुरा नगरेमा अर्को पक्षले सो दायित्व पुरा गराउन प्रचलित ऐन नियम तथा मध्यस्थता ऐन, २०५५ बमोजिम कारबाही गर्न सक्नेछ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण** : यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्थाहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं महानगरपालिका वडा नं ०९, सिनामंगल वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १०(दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १००,००० (एक लाख) कित्ता साधारण शेयर खरीदगर्नका लागि दरखास्त दिन सक्नेछ।

**ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

कस्की जिल्लाको साविक सार्दिखोला गाविस स्थित सार्दिखोला जलविद्युत आयोजनाका प्रभावितक्षेत्रका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरीदगर्न आवेदन दिन सक्नेछन् :

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ।

२. १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नुपर्नेछ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

४ विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ।

५. बसाइसराइ गरि आएको हकमा आव्हानपत्र प्रकाशित हुनु भन्दा अघिल्लो दिनसम्म बसाइसराइ गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

६ माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित कार्यालयको सर्वदलिय संयन्त्रको निर्णय वा गाँउपालिकाको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी कास्की जिल्ला छोडि अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९ धितोपत्र खरीदगर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ।

१० आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन पेश गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाईसराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन्।

१३. साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ।

१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरीद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पूनः आवेदन दिन पाउने छैनन्।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१६. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ।

१९. दरखास्त फाराममा अनिवार्य रुपमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ।

२०. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले स्वेच्छिक रुपमा आस्वा प्रणाली मार्फत् आवेदन दिन सक्नेछन्।

२. सर्वसाधारणले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम आबेदन दिन सक्नेछन् ।
धितोपत्र खरीद गर्नका लागि दस्तखत दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत् आबेदन संकलन गर्न आबद्ध आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

१) C-ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले उपरोक्त बमोजिम बुझिलिएको फाराम तोकिएको समयवधि भित्र (C-ASBA) प्रणालीमा प्रविष्टि गर्नुपर्ने छ ।

२) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको मेरो शेयर (Mero Share) मार्फत पनि आवेदन दिन सक्नेछन् ।

३) संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछन् ।

**ग.११.सम्बन्धित पक्षबीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्षबीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति :** कारोबार नभएको ।

**ख) आधारभूत शेयरधनी :** कारोबार नभएको ।

**ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

**घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघरपरिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोबार वा सम्झौता गरेको छैन ।

**च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

**ग. १२.विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

**ग. १३.सूचिकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्याः** निष्काशनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

**ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

**ग. १४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग. १५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरणः**

**क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) लेखा परिक्षकको रुपमा आ.व.२०७५/७६ देखि यस कम्पनीको लेखापरिक्षकमा चार्टर्ड एकाउन्टेण्ट एनडि एण्ड एशोशियट्सका श्री नरेश ढुङ्गाना, काठमाडौं रहनुभएको छ। र २०७६/७७ तथा २०७७/७८ मा एसडि एण्ड एशोशियट्स का श्री संजिव ढकाल रहनु भएको छ।

आ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाता नं. |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू लिमिटेड, कमलपोखरी, काठमाडौं । | ०१५९०००००५४७५२४ |

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउन्टेण्ट एसडि एण्ड एशोशियट्सका श्री संजिव ढकाल, काठमाण्डौबाट प्रमाणित भएको छ। कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। शेयर निष्काशनसम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड,नारायणचौर नक्साल, काठमाडौंले तयार गरेका हुन्। यस शेयर निष्कासनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौलाई नियुक्त गरिएको छ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरुः** सो नभएको।

**ग. १६.परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरू प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी, तथा एनएमबि बैंक लि.को अगुवाइमा बैंक अफ काठमाडू लि. र कुमारी बैंक लि. बाट सह वित्तीयकरण ऋण व्यवस्थापन गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरि आयोजनाका कामहरु सम्मन्न भैसहेको छ। कम्पनीले कर्जाको रकम निम्न बमोजिम व्याज सहित त्रैमासिक रुपमा भुक्तानी गर्नेछ।

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | अधिकतम स्वीकृत कर्जा सीमा | शुरुको कर्जा रकम | कर्जाको भुक्तानी अवधि | किस्ता भुक्तानीको तरिका | शुरु तथा हालको व्याजदर | हाल सम्म भुक्तान गरिएको कर्जा रकम | बाँकी कर्जा रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | एनएमबि बैंक लि. | २२,४३,७१,२०५.०० | २०,३७,४०,६०७.६४ | २०८६/०९/३० | त्रैमासिक रुपमा व्याज भुक्तानी गर्ने | ८.४५% | २,६७,६९,११९.९५ | १७,६९,७१,४८७.६९ |
| २ | बैंक अफ काठमाडू लि | १६,१३,४५,६९०.०० | १६,०८,५३,८८२.०५ | २०८६/०९/३० | | | २,११,३४,२०६.९२ | १३,९७,१९,६७५.१३ |
| ४ | कुमारी बैंक लि. | १०,७५,६३,७९०.०० | १०,७२,९८,८७६.३६ | २०८६/०९/३० | | | १,४०,९६,६७३.८८ | ९,३२,०२,२०२.४८ |
| जम्मा | | ४९,३२,८०,६८५.०० | ४७,१८,९३,३६६.०५ | | | | ६,२०,००,०००.०० | ४०,९८,९३,३६५.३० |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको।

**ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरणः** सो नभएको।

**ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको।

**घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको।

**ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु समाधानको लागि धितोपत्र निष्काशनतथा बिक्री प्रबन्धकको कार्यालयमा गिता पोखरेललाई फोन नं:०१-४५१३४९६ मा सिधा सम्पर्क गर्न सकिनेछ। तथा इमेल ठेगाना Email: info@bokcapital.com.np मा इमेल गरि गुनासो तथा सुझावहरु पेश गर्न सकिने छ।

**ग. १९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरणः**

सो नभएको।

**ग. २०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन।

**ग. २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको।

**ग. २२. अन्य सामान्य जानकारी :**

**क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि चार्टर्ड एकाउन्टेण्ट एबिएस एण्ड एशोशियट्सका श्री विशेष विभु आचार्य, काठमाण्डौले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणितगरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:** लेखापरीक्षक नरेश ढुङ्गानालाई व्यत्तिगत कारणले गर्द काम गर्ने नसक्ने भएको हुदा आर्थिक वर्ष ०७६/०७७ बाट सन्जिब ढकालबाट लेखापरीक्षकमा नियुक्ति गरिएको छ ।

| क्र. सं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/नयाँ नियुक्ति | परिवर्तनको कारण |
|---|---|---|---|---|
| १. | सुरेश कुमार उपाध्याय | २०७७/७८ | हटेको | पदावधी सकिएको |
| २. | लाल कृष्ण केसी | २०७७/७८ | हटेको | पदावधी सकिएको |
| ३. | मोतिकला सुब्बा | २०७७/७८ | नयाँ नियुक्ति | |
| ४. | हरी प्रसाद भट्ट | २०७७/७८ | नयाँ नियुक्ति | |
| ५ | शरद कुमार दहाल | २०७७/७८ | नयाँ नियुक्ति | |

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका निवासी स्नातकोत्तर सम्म शैक्षिक योग्यता हासिल गरेका, श्री दामोदर गिरी यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७८/०४/०४ गते बसेको सञ्चालक समितिको बैठकबाट सर्वसाधारणको लागि छुट्टाइएको रु.१००/– अंकित दरको १७,६४,११० कित्ता शेयर निष्काशन गर्ने निर्णय गरिएको छ । कम्पनीको सञ्चालक समितिको बैठकबाट निर्णयानुसार रु.१००/– अंकित दरको १७,६४,११० कित्ता साधारण शेयर मध्ये रु.१००/– अंकित दरको ५,८८,०३७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र माछापुच्छ्रे गाउँपालिका वार्ड नं.२, ३, ४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स, लाहाचोक गा.वि.स र धिताल गा.वि.स) का लागि निष्काशन गरिने र बाँकी ११,७६,०७३ कित्ता शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने गरि छुट्टाइएको छ ।

**ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, काठमाडौं महानगरपालिका वडा नं ०९, सिनामंगल ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री वि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल, काठमाण्डौं ।

**छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने जारी पुँजी ५८,८,०,३६,९००/- (अक्षरेपी अन्ठाउन्न करोड असी लाख छत्तिस हजार नौ सय मात्र) को १०% अर्थात् रु. ५,८३,८३,७००/- (अक्षरेपी पाँच करोड त्रियासी लाख त्रियासी हजार सात सय मात्र) रकम बराबरको रु. १००/– अंकित दरका ५,८८,०३७ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वार्ड नं.२, ३ ४ र ६ (साविक सार्दिखोला गा.वि.स, घाचोक गा.वि.स लाहाचोक, गा.वि.स र धिताल गा.वि.स) का बासिन्दाहरुकालागि निष्काशन गरिएको र बाँकी २०.% अर्थात् रु.११,७६,०७,३००/–(अक्षरेपी एघार करोड छयहत्तर लाख सात हजार तीन सय मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ११,७६,०७३ कित्ता साधारण शेयर मध्ये ५% अर्थात् ५८,८०३ कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २ % अर्थात् २३,५२१ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी १०,९३,७४९ कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ । कर्मचारीको लागि छुट्टाइएको शेयर मध्ये कर्मचारीबाट बढी माग भै आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ । कर्मचारीको लागि छुट्टाइएको शेयरका लागि माग भई नआएको अवस्थामा बाँकि शेयरहरु सर्वसाधारणमा बाँडफाँट गरिनेछ ।

**झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

**ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) कास्की जिल्लामा कम्तिमा चार संकलन केन्द्रको व्यवस्था गरी आवदेन फाराम तथा विवरणपत्र वितरण र आवेदन फाराम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ। आवश्यकता अनुसार स्वीकृति लिए पछि अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ। साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७६/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासीहरुले स्वेच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ। यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको मेरो शेयर (Mero Share) मार्फत आबेदन दिनसक्ने व्यवस्था गरिएको छ।

**ट) क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ नेपाल काठमाडौंले मिति २०७८/०६/१८ गते "CARE-NP BB+(Is)" रेटिङ्ग प्रदान गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) जनाउँदछ। केयर रेटिङ्ग नेपाल लि. ले CARE-NP AAA (IS) (देखि CARE-NP D (IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँछ भने CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। CARE-NP B (IS), CARE-NP C (IS), CARE-NP D (IS) ले औषत भन्दा कम आधारहरु जनाउँछ। दिइने आधारहरुमा प्रयोग गरिने (Plus) चिन्हले दिइएको समुहको तुलानात्मक सकारात्मक स्थितिलाई जनाउँछ। सो रेटिङ्गको वैधता अवधि एक बर्ष अर्थात २०७९/०६/१७ गते सम्म रहनेछ।

**ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण:**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बि.ओ.के. क्यापिटल मार्केट लि. नारायणचौर नक्साल, काठमाडौं रहेको छ।

**ड) सकारात्मक पक्षहरु :**

१. सार्दि खोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।

२. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्वल रहेको।

४. उत्पादन सुरु भईसकेको हुनाले कम्पनीको भविष्य उज्वल रहेको।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत् प्रथम चरणमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ। उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउनेगरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

**त)** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्नेछन् र लगानीकर्ताहरुलाई सूचित निर्णय (Informed Decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनी प्रत्येकको आफ्नो वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ ।

**थ)** बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छौं ।

द) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा ९ को उपदफा ३ बमोजिम शर्तहरु पालना सम्बन्धी विवरण ।

**क) आफ्नो उदेश्य अनुसार कारोबार सञ्चालन गर्नको लागि आवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरेको:** मन्दाकिनी हाईड्रोपावर लिमिटेडले प्रचलित कानुन बमोजिम २०६४ साल कार्तिक २६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनीको रुपमा दर्ता भै मिति २०७१ आषाढ ३१ गतेदेखि पब्लिक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र विद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ । कास्की जिल्लामा ४ मे.वा. क्षमताको सार्दिखोला जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेको छ ।

**ख) प्रचलित कानुन बमोजिम लेखापरिक्षण तथा साधारणसभा सम्पन्न भएको :**
आ.व. २०७७/७८ को लेखा परिक्षण तथा साधारण सभा मिति २०७८/०९/ ३० मा सम्पन्न भएको ।

**ग) आफ्नो उदेश्य अनुसार कारोबार संचालन गर्नको लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति वा स्वीकृति लिनुपर्ने भएमा यस्तो इजाजत, अनुमति पत्र वा स्वीकृति लिईसकेको:** ४ मे.वा क्षमताको मन्दाकिनी हाईड्रोपावर लिमिटेडलाई उक्त आयोजना संचालनका लागि नेपाल सरकार, विद्युत विकास विभागबाट मिति २०७०/०३/१३ मा ४ मे.वा. का लागि इजाजत पत्र प्राप्त गरेको ।

**घ) संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारको व्यवसाय गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निमार्ण कार्य गरिसकेको:** यस परियोजनाको लागि आवश्यक पर्ने जग्गा खरीद गरी कार्यालय भवन लगायत परियोजनाको निमार्ण कार्य सम्पन्न गरि व्यवसायिक रुपमा उत्पादन सुरु भईसकेको ।

**ङ) उत्पादनको प्रवृत्ति छनोट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि खरीद प्रकृया अगाडि बढाईसकेको:** यस आयोजनाको सिभिल संरचना, हाइड्रो मेकानिकल ईक्वीपमेन्ट र ईलेक्ट्रो मेकानिकल ईक्वीपमेन्टहरु जस्तै सिभिल वर्क्सहरु -मेकामिडि एचपिपि इन्डिया प्रा.लि. मार्फत खरीद प्रक्रिया सिलबन्दी कोटेसन लिई सर्टलिस्ट प्रक्रियाद्वारा सम्पन्न भएको र आयोजनाका लागि आवश्यक पर्ने यान्त्रिक उपकरण खरीद गरी जडान गरि व्यवसायिक रुपमा उत्पालन सुरु भईसकेको ।

**च) धितोपत्रको सार्वजानिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको :** मन्दाकिनी हाइड्रोपावर लि. ले धितोपत्रको सार्वजानिक निष्काशन सम्बन्धमा बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा नियुक्ति गरी मिति २०७८/०५/०१ मा सम्झौता भैसकेको ।

**छ) आयोजनाको निमार्ण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको:** आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको ।

**ज) संस्थापकले लिन कबुल गरेको धितोपत्र रकम शत प्रतिशत चुक्ता भइसकेको:** संस्थापकले लिन कबुल गरेको मन्दाकिनी हाइड्रोपावर लि. ले माग गरेको धितोपत्र बराबरको सम्पूर्ण रकम निम्न मितिमा चुक्ता भइसकेको ।

| संस्थापकले लिन कबुल गरेको धितोपत्र रकम | चुक्ता गरेको मिति | कैफियत |
|---|---|---|
| ४१,१६,२५,९०० | २०७८/०३/३१ गते | **सम्पूर्ण रकम चूक्ता भैसकेको** |

**झ) परियोजना निर्माणको लागि फाइनान्सियल क्लोजर भैसकेको:** एनएमबि बैंक लि.को अगुवाइमा बैंक अफ काठमाण्डू लि. र कुमारी बैंक लि. बाट सह वित्तीयकरण परियोजना निर्माणको लागि मिति २०७०/ ०५/ १२ मा फाइनान्सियल क्लोजर भएको छ ।

**ञ) जलविद्युत उत्पादन सस्था भएमा विद्युत खरीद बिक्री सम्झौता गरिसकेको:** सार्दिखोला जलविद्युत आयोजना ४ मे.वा. को मिति २०६८/११/११ गते नेपाल विद्युत प्रधिकरणसंग विद्युत खरीद बिक्री सम्झौता (पि.पि.ए.) मा हस्ताक्षर भएको ।

**ट) सर्वसाधारणको लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिएको बमोजिम प्रत्याभूति गराएको:** मन्दाकिनी हाइड्रोपावर लि. बाट प्रवर्धित यस परियोजनामा लगानी गर्न मन्दाकिनी हाइड्रोपावर लि. ले धितोपत्रको सार्वजनिक निष्काशन गर्न लागेका शेयरहरु निर्देशिकामा तोकिए बमोजिम श्री नविल इन्भेष्टमेन्ट लि. बाट मिति २०७८/०६/०४ मा प्रत्याभूति सम्बन्धी सम्झौता भएको ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरू ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरू पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरूको नाम तथा दस्तखत :**

| सि.नं. | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश बहादुर बस्नेत | अध्यक्ष | |
| २. | देवबहादुर गुरुङ्ग | प्रबन्ध सञ्चालक | |
| ३. | बिष्णु बहादुर तामाङ्ग | सञ्चालक | |
| ४. | हरी प्रसाद भट्ट | सञ्चालक | |
| ५. | मेतिकला सुब्बा देवान | सञ्चालक | |
| ६. | शरद कुमार दहाल | सञ्चालक | |

**ग.२४.निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**
संलग्न गरिएको ।

"श्री नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को कार्य गर्न स्विकृत प्राप्त"

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K. Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

कम्पनी दर्ता नं.: १४७३८३/०७२/०७३
प्यान नं.: ६०४१३९९३५

मिति : २०७८/११/०२
च. नं : ४१९/आइएम/बिओकेसिएमएल/२०७८/७९

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

महाशय,

काठमाडौं महानगरपालिका वडा नं. ०९ , सिनामंगलमा रजिष्टर्ड कार्यालय रहेको मन्दाकिनी हाइड्रोपावर लिमिटेडको सार्वजनिक निष्काशन गर्न लागेको रु. १००/- अङ्कित दरका १७६४,११० कित्ता साधारण शेयरको जारी गर्न निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं । साधारण शेयरहरु निष्काशन गर्ने क्रममा धितोपत्र सम्वन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री बितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउंदछौं ।

१. मन्दाकिनी हाइड्रोपावर लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :
बि.ओ.के.क्यापिटल मार्केट लिमिटेडको तर्फबाट :
नाम : अजय घिमिरे
पद : निमित्त प्रमुख कार्यकारी अधिकृत
सही :

कार्यालयको छाप :
B.O.K. Capital Market Ltd.

2nd Floor, Gobardhan Bhawan, Naxal, Kathmandu, Nepal, Phone: (977-1) 4413496, 4413096, 4446296

**ग.२५.विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**

संलग्न गरिएको ।

**A.B.S. & ASSOCIATES | CHARTERED ACCOUNTANTS**

**M/s Mandakini Hydropower Ltd.**
Sinamangal, Kathmandu

**Projected Financial Statements**

*Introduction*

We have prepared projected financial statements of **M/s Mandakini Hydropower Ltd.** for eight years beginning from FY 2078/79 to FY 2089/90 for the purpose of forecasting the financial results and position of the company at the end of each year.

*Our Responsibility / Scope of Work*

Our responsibility is to estimate the financial performance and position of M/s Mandakini Hydropower Ltd. The financials forecast and assumptions are on the basis of previous years' performance, in view of current scenario and as per data provided by the bank. The projected figures are considered to be valid and realistic based on the assumptions, business strategy and based on our judgement. However, the future market along with internal and external forces can cause deviation the projected data.

Yours truly,

A.B.S. & Associates Chartered Accountants

CA Bisesh Bibu Acharya
*Partner*

A.B.S. & Associates
Chartered Accountants
Date: 2078/11/03